पुटिन 'समयका लागि खेल्दै हुनुहुन्छ' : जर्मन विदेशमन्त्री | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३०५ • २०८१ साल चैत २० गते बुधबार (2 April, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बाल सुधारगृहमा तनाव



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जस्थित बाल सुधारगृहमा आश्रित बाल कैदीबन्दीले नाराबाजीसँगै प्रदर्शन गरेपछि अवस्था तनावग्रस्त बनेको थियो ।

सोमबार मधेश प्रदेशको महान्यायाधिवक्ता कार्यालय तथा मंगलबार विहान जिल्ला सरकारी वकिलको कार्यालयबाट अधिकारीहरु आएर सोधपुछ गरेर फर्किएपछि बाल कैदीबन्दी भड्किएका थिए ।

वीरगञ्जमा मंगलबार दिउँसो आधा घण्टासम्म उनीहरुले गृहको पश्चिमतर्फको बार्दलीबाट नाराबाजीसहित प्रदर्शन गरेका थिए ।

दिनहुँजसो कोही न कोही अधिकारी आएर आफूहरुको समस्या बुझ्ने पनि आधारभूत आवश्यकतासमेत पूरा नहुनु दुःखद रहेको उनीहरुले गुनासो गरे ।

स्थिति तनावग्रस्त बन्ने देखिएपछि पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, प्रहरी उपरीक्षक गौतम मिश्र, डीएसपी किशोर लम्साल, सशस्त्र प्रहरीका डीएसपी देवेन्द्रबहादुर सिंहलगायतका सुरक्षा अधिकारी सुधारगृह पुगेर बाल कैदीबन्दीको गुनासो आफैले सुनेका थिए ।

सो क्रममा बालकैदीबन्दीले आफूहरुलाई गृह सुधारमा कोचेर राखिएको र पढ्ने, संगीत तथा भाषागत तालिम लिनेजस्ता सुविधाको व्यवस्थासमेत नभएको गुनासो गरेका थिए ।

बढेको गर्मीसँगै पंखा तथा खानेपानीको उचित व्यवस्थापन लगायत २२ सूत्रीय मागपत्र आफूहरुले गृहका प्रशासन प्रमुखलाई केही दिनअघि बुझाएकामा कुनै पनि सुनुवाइ नभएको बाल कैदीबन्दीको गुनासो रहेको छ ।

## मधेश प्रदेशको मुख्यमन्त्री कार्यालयमा छापा

# सुरक्षा उपकरण, सफ्टवेयर र स्वच्छता अभियानको फाइल अख्तियारको नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्री कार्यालयबाट मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मधेश प्रदेश कार्यालय बर्दिवासले विभिन्न योजनाका फाइलहरू नियन्त्रणमा लिएको छ ।

अख्तियारको टोलीले अनुसन्धान सम्वद्ध फाइलहरु लगेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय स्रोतले पुष्टि गरेको छ ।

अख्तियारको टोलीले स्वच्छता अभियान, सफ्टवेयर खरिद र सुरक्षा उपकरण खरिद सम्बन्धी फाइलहरु लगेको स्रोतले जनाएको छ ।

आर्थिक वर्ष ०७५/०७६ देखि ०७७/०७८ सम्म मुख्यमन्त्रीको कार्यालयबाट सोझै चलाइएको थियो । दुई वर्षसम्म मुख्यमन्त्रीको कार्यालयबाट सञ्चालन भएको स्वच्छता अभियानमा व्यापक अनियमितता भएको गुनासो आएपछि तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले सो कार्यक्रम भौतिक पूर्वाधार विकास मन्त्रालयलाई हस्तान्तरण गरेका थिए । दुई आर्थिक वर्षको स्वच्छता अभियानको सबै फाइल अख्तियारले लगेको छ ।

त्यसैगरि अख्तियारले आर्थिक वर्ष २०७७/०७८ मा निजामती पीआइएस सिस्टम, अफिस अटोमेसन सिस्टम र जिन्सी अटोमेसन सिस्टम लगायतका सफ्टवेयर खरिद गरिएको सम्बन्धी फाइलहरु लगेको छ । लगभग एक करोडको लागतमा खरिद गरिएका सफ्टवेयरहरु हालसम्म प्रयोगमा आएको छैन । सफ्टवेयरहरु स्टोरमा समेत दाखिला रहेको छैन । तर सफ्टवेयरहरुको भुक्तानी सोही आर्थिक वर्षमा भइसकेको बताइएको छ । अख्तियारले त्यस सम्बन्धी सम्पूर्ण फाइल पनि लगेको छ ।

स्रोतका अनुसार तत्कालीन समयमा मुख्यमन्त्री कार्यालयले खदिर गरेको सुरक्षा सम्बन्धी उपकरणको फाइलहरु समेत अख्तियारले नियन्त्रणमा लिएको छ । अख्तियार स्रोतका अनुसार कारोबार भएको मिति पुरानो भए पनि करिब तीन महिना पूर्व उजुरी परेकोले अनुसन्धान थालिएकोछ । टोलीले तीनवटै योजनाको विभिन्न फाइल लगेको अख्तियार स्रोतले पुष्टि गरेको छ ।



मधेश प्रदेशको पहिलो मुख्यमन्त्री लालबाबु राउतको कार्यकालमा स्वच्छता अभियान र 'बेटी पढाउ बेटी बचाउ अभियान' शुरु गरिएको थियो । प्रारम्भमा दुबै योजनाको निकै प्रशंसा भए पनि बेटी पढाउ, बेटी बचाउ कार्यक्रम अन्तर्गत साइकल खरिदमा भ्रष्टाचार भएको अनुसन्धान अख्तियारले गरेको थियो । सो मुद्दामा विशेष अदालतले फैसला समेत गरिसकेको छ ।

स्वच्छता अभियानको फाइल पनि अख्तियारले लगेको छ । मधेश प्रदेशको दुबै कार्यक्रमलाई गौरवको योजना घोषणा गरिएको थियो । हाल दुबै कार्यक्रम बन्द नै छ ।

सफ्टवेयर र सुरक्षा उपकरणहरु खरिद सम्बन्धी पनि अख्तियारले अनुसन्धान थालेको छ । अख्तियारले पाँच दिनदेखि मधेश प्रदेशको मुख्यमन्त्री कार्यालयमा फाइलको लागि निरन्तर सम्पर्कमा थियो ।

यसैबीच अख्तियारको मधेश प्रदेश कार्यालयले चैतको १० गते भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका पूर्वाधार विकास कार्यालयहरुलाई चालु आर्थिक वर्षको योजनाहरुको बजेटको प्रमाणित प्रतिलिपि, उपभोक्ता समिति गठन भएको, हुन बाँकी रहेको लगायतका आवश्यक कागजातहरु उपलब्ध गराउन पत्र पठाएको छ ।

१० दिन भित्र पूर्वाधार विकास कार्यालयहरुलाई कागजात उपलब्ध गराउने समय सीमा निर्धारण गरेको छ । अख्तियारले मधेश प्रदेशका आठवटै जिल्ला पूर्वाधार विकास कार्यालयका प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालयका निमित्त सचिव समेतलाई बोलाएर योजनाहरुको विषयमा जानकारी समेत लिइसकेको बताइएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेशका मन्त्री सरोजकुमार यादवले आठवटै जिल्लाका पूर्वाधार विकास कार्यालय प्रमुखहरुसित उपभोक्ता समिति गठन गर्ने पत्रमा हस्ताक्षर गराएर स्वयंले नियन्त्रणमा लिइ दलाल मार्फत बिक्री गरेको आरोप लागेको छ ।

विपक्षी दलहरुले योजना बिक्री भइरहेको सम्बन्धमा प्रदेश सभाबाट उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गर्दा सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री सतीश कुमार सिंहको सल्लाहमा प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगन गरेका छन् । अख्तियारले उच्चस्तरीय छानबिन समितिको विषयमा पनि चासो देखाएको छ ।

प्रदेश सरकारका कयौं मन्त्रीहरुले उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाहरु बिक्री गरेको विपक्षी दलहरुले प्रदेश सभा बैठकमा नै आरोप लगाएका छन् । उनीहरुले छानबिनका लागि समिति गठन हुनुपर्ने बटमलाईन बनाएर संसद अवरोध गरेपछि सरकारले बैठक नै स्थगन गराएको छ । तर प्रमुख प्रतिपक्षी दलहरु अडानमा कायमै छन् ।

मधेश प्रदेशमा हाल तेस्रो मुख्यमन्त्रीको रुपमा जनमत पार्टीका सतीश कुमार सिंह रहेका छन् । यस अघि जनता समाजवादी पार्टी(जसपा)नेपालका संसदीय दलका नेता सरोज कुमार यादव मुख्यमन्त्री थिए । उनी डेढ वर्ष सरकारको नेतृत्व गरे । जसपा नेपालकै लालबाबु राउत सर्वाधिक पहिलो पाँच वर्षे कार्यकाल पुरा गरे । त्यस समयमा सत्ता साझेदार फेरिए पनि मुख्यमन्त्रीमा राउत नै रहेका थिए ।







# जन्मदर्ता नहुँदा मारमा सडक बालबालिका





काठमाण्डु । जन्मदर्ता नहुँदा सडक बालबालिकाले अहिले पनि स्वास्थ्य शिक्षासहित राज्यबाट पाउने कुनै पनि सेवा पाउन नसकेको पाइएको छ ।

बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था 'साथसाथ' ले मंगलबार आयोजना गरेको ' बालिकाको जन्मदर्तासम्बन्धी पैरवीपत्र प्रकाशन' सार्वजनिक कार्यक्रममा तीन पुस्तासम्म कानुनी पहिचान नभएका बालबालिकाले जन्मदर्ता बनाउन नसक्दा राज्यबाट पाउने कुनै पनि सुविधा पाउन नसकेको पाइएको हो ।कार्यक्रममा जन्मदर्ता नहुँदा नागरिकताविहीन सञ्जय राई र राजेश ठकुरीले अभिभावकको पहिचान नहुँदा नागरिकता बनाउन नसकिएको र त्यसले राज्यबाट पाउने सुविधा र जीविकोपार्जनका लागि काम पाउनसमेत कठिनाइ भएको बताउनुभयो ।

साथसाथ संस्थाकी स्रोत व्यक्ति कविता शाहले संस्थाले २७ वर्षदेखि जोखिममा परेका सडक बालबालिकाको क्षेत्रमा काम गगर्दै आएको र त्यसक्रममा ५२ जिल्लाका बालबालिकाले जन्मदर्ता नहुँदा नागरिकता बनाउन कानुनी र व्यावहारिक चुनौती रहेका पाइएको उल्लेख गर्नुभयो ।

पञ्जीकरण विभागका निर्देशक मुकेशकुमार केशरीले घटना भएको स्थानमा स्थानीय वडाका सचिवले घटनादर्ता र बाबुआमाको ठेगाना नभएका बालबालिकाले पनि वडा अध्यक्ष, संस्था र व्यक्ति संरक्षक भएको अवस्थामा पनि जन्मदर्ता गर्न सकिने व्यवस्था रहेको बताउनुभयो ।

यस्ता बालबालिकालाई स्थानीय तहबाट नै जन्मदर्ता गराएर अन्य कामकारबाही गर्न सकिने भन्दै उहाँले त्यसका लागि विभागले पनि सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय बाल परिषद्का सदस्य सचिव इन्द्रादेवी ढकालले बालबालिकाको जन्मदर्ता प्रक्रिया सरल, सहज बनाउने र कुनै पनि बालबालिका राज्यविहीन नहुने अवस्था बनाउनुपर्ने बताउनुभयो । प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समिति सदस्य सीताकुमारी रानाले नेपालको कानुनलाई सरलीकरण गरेर समस्यामा रहेका बालकालिकालाई पनि स्थानीय तहबाटै जन्मदर्ता बनाएर नागरिकता बनाउन सिफारिस गर्नुपर्ने कानुनी व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सार्वजनिक वकालतपत्रमा तीन पुस्तासम्म कानुनी पहिचान नहुँदा सडक बालबालिकाको नागरिकता बनाउन नसकिएको र नागरिकता बनाउन नसक्दा पढ्ने, मोबाइलको सिम लिने, बैंक खाता खोल्नेजस्ता राज्यबाट प्राप्त हुने धेरै सुविधाबाट वञ्चित भएको उल्लेख छ । आयोजक संस्थाले हाल एक सय पाँच सडक बालबालिकालाई संरक्षण दिइरहेको त्यस अवसरमा जानकारी दिइयो ।रासस

# पन्ध्र दिनमा १३ क्विन्टल गाँजा बरामद

महोत्तरी । महोत्तरीमा पन्ध्र दिनयता करिब १३ क्विन्टल लागुऔषध गाँजा बरामद गरिएको छ ।

लागुऔषध नियन्त्रण ब्यूरो बर्दिबासको सक्रियतामा गाँजा बरामद गरिएको हो ।

पहाडी जिल्लाम लुकाइछिपाइ ल्याएको गाँजा बरामद गरिएको ब्यूरोका प्रहरी नायब निरीक्षक सरोजकुमार आइरहेको बा३ख ५८३२ नम्बरको ट्रक जाँचका क्रममा ५४७ किलोग्राम गाँजा बरामद गरिएको थियो । चालक सिन्धुपाल्चोकको बाह्रबिसे-७ का ३७ वर्षीय सलिन मगरलाई पक्राउ गरी कारबाही अघि बढाइएको छ ।

यस्तै ब्यूरोको टोलीले चैत ८ गते ढल्केबर जनकपुर सडकखण्डको लक्ष्मीनियाँचोकमा



अधिकारीले जानकारी दिनुभयो । सोमबार साँझ बिपी राजमार्गको बर्दिबास-३ गौरीडाँडास्थित ट्राफिक प्रहरी पोष्ट अगाडि वागमती प्रदेश-०१-००६-ख ५३७१ नम्बरको ट्रक जाँच गर्दा ट्रकको हुटमाथि प्लाष्टिकमा बेरिएको दुई क्विन्टल ३५ किलो गाँजा बरामद गरिएको थियो ।

गाँजासँगै ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-७ डाँडाबासका २७ वर्षीय कविराज गोलेलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जानकारी दिनुभयो । यसअघि यही चैत ३ गते सोही ठाउँमा सिन्धुलीबाट बर्दिबासतर्फ मधेस प्रदेश-०३-००२-ख २५२० नम्बरको ट्रक जाँचका क्रममा पाँच क्विन्टल १० किलो गाँजा बरामद गरेको थियो । यस क्रममा ट्रक चालक मकवानपुरको थाहा नगरपालिका-२ का २५ वर्षीय सञ्जीव सिन्तानलाई पक्राउ गरी आवश्यक कारबाही थालिएको प्रहरीले जनाएको छ ।

पहाडी जिल्लाबाट ठूलो परिमाणमा गाँजाको ओसारपसार हुँदै आएको छ ।

गाँजा तस्करले महोत्तरीको बर्दिबासलाई 'ट्रान्जिट प्वाइन्ट' बनाएका छन् । बर्सेनि बर्दिबास सेरोफेरोबाट ठूलो परिमाणमा गाँजा बरामद गरिँदै आएको छ । भरिया र चालक पक्राउ परेपनि मुख्य कारोबारीसम्म प्रहरी पुग्न सकेको छैन ।रासस

# मिथिलाञ्चलमा मंगलबारदेखि चैती छठ पर्व सुरु

जलेश्वर। मिथिलाञ्चलसहित तराई-मधेसका जिल्लामा मंगलबारदेखि चैती छठ पर्व सुरु भएको छ । चार दिनसम्म मनाइने चैती छठ पर्व मंगलबारदेखि तराईको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत सम्पूर्ण मिथिलाञ्चलभरि धार्मिक विधिपूर्वक सुरु भएको हो ।

चैती छठ पर्व महोत्तरीको जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिवासलगायत अन्य सहरी एवं ग्रामीण क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा जिल्लाको प्रसिद्ध नदीहरू बिग्ही, रातो मरहा, जङ्गहा, अङ्कुसी नदी तथा नहरको किनारमा धुमधामका साथ मनाइने गरिएको छ । सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवको पुजारी उपेन्द्र पाठकले बताउनुभयो । उहाँका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्दति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गरेको पण्डित पाठकले जानकारी दिनुभयो । चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन मंगलबार व्रतीहरूले नहा खा अर्थात् नुहाएर खाने अर्थात् जीऊ चोख्याउने काम गर्नेछन् ।पर्वको दोस्रो दिन आज खर्ना मनाइन्छ । खर्नाका दिन व्रतीहरूले दिनभरि



उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूल देवताको पूजा गर्नेछन् र राति अरवा अरबाईन (बिनानुन हालेको) खानेकुरा खाने चलन रहेको पण्डित पाठकले बताउनुभयो ।

"षष्ठीका दिन अर्थात् बिहीबार साँझ गहुँ र चामल ओखल, जातो वा ढिँकीमा कुटान पिसान गरी सोबाट निस्केको पिठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्गलो, कोनिया, सरवा, ढाकन, माटोको हाति, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्ने गर्दछन्", उहाँले भन्नुभयो ।

षष्ठीका दिन व्रतीहरूले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गर्ने परम्परा रहेको पण्डित पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार त्यसको भोलिपल्ट अर्थात् शुक्रबार एकाबिहानै पुनःछठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातकालीन उदाउँदो सूर्यलाई अर्घ दिइ चैती छठ पर्व सम्पन्न गर्नेछन् ।महाभारतका अनुसार द्रोपदीसहित पाण्डव अज्ञातबासमा रहँदा उक्त गुप्तबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डव मिथिलाको किराँत राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुइयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ । धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावका रुपमा विकसित छठ पर्व हिन्दूको सँगसँगै मुस्लिमहरुले पनि मनाउने गर्छन् ।यस पर्वमा चढाइने पदार्थको सङ्ख्या ७० पुऱ्याउनुपर्छ । चढाउने सामर्थ्य नभएकाहरूले गम्हरी धानको चामलमात्र चढाए पनि देउता प्रसन्न हुने जनविश्वास रहिआएको छ । रासस

# राज्यका निकायमा मधेसी समुदायको सहभागिता सुनिश्चित गरिनुपर्छ : दीपक कार्की

काठमाण्डु । सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएपछि देश जुन रूपमा अगाडि बढ्नुपर्ने थियो, त्यो गतिमा बढ्न सकेको छैन । राजनीतिक दलहरूले सही तरिकाले काम गर्न नसकेका कारण जनतामा नैराश्यता छ । संसद्ले जति कानुन बनाउनुपर्ने हो, त्यति बनाउन सकेको छैन । संसद् भनेको कानुन निर्माण गर्ने र जनताका सवाललाई सरकारसम्म पुर्याउने थलो हो । तर संसद् सरकार बनाउने र ढाल्ने थलोजस्तो भएको छ । संसद्मा राजनीतिक दल एकले अर्कालाई अरोप लगाउने तथा झगडा गर्ने कार्य जारी छ ।

मुख्य ठूला दलहरु नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले संविधानको पूर्ण कार्यान्वयन गर्न नसक्दा अहिले देशमा यो अवस्था आएको छ । प्रदेश र स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्ने काम अहिलेसम्म हुनसकेको छैन । पालिकामा अधिकृत नहँदा कर्मचारीले तलब पाउन सकेका छैनन् । स्थानीय तहका शिक्षकले तलब पाउन सकेका छैनन् । कर्मचारी र शिक्षकले कम्तीमा आफूले काम गरेको पैसा पाउनुपर्छ ।

जनता समाजवादी पार्टीको पहिलेदेखिको एजेण्डा भनेको संविधान संशोधन गरेर मधेसी समुदायलाई समेट्नुपर्ने भन्ने हो । संविधान संशोधन गरेर सर्वमान्य बनाउनुपर्छ । संविधान संशोधन गरी अधिकारसम्पन्न सङ्घीयता बनाउनुपर्छ । संविधानमा सुरक्षाको जिम्मा प्रदेश सरकारलाई छ, तर अधिकार छैन । संविधान संशोधन गरेर मधेसी समुदायलाई जनसङ्ख्याका आधारमा राज्यको



नीति निर्माण तहमा सहभागी गराइनुपर्छ । उनीहरूको जनसङ्ख्याका आधारमा कार्यपालिका, न्यायापालिका र व्यवस्थापिकामा सहभागिताको सुनिश्चितता संवैधानिक रूपमा हुनुपर्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कानुसार २२.२२ प्रतिशत पूर्ण मधेसी समुदायको जनसङ्ख्या छ । त्यसका आधारमा सङ्घीय मन्त्रिपरिषद्मा उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्छ । मधेसी समुदायका निम्ति छुट्टै नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्छ ।

धार्मिक दृष्टिकोणले धनुषा सम्पन्न छ । सरकारले धार्मिक पर्यटन र प्राकृतिक पर्यटनलाई जोड दिनुपर्छ । धार्मिक पर्यटनको निम्ति जनकपुर महत्त्वपूर्ण स्थान हो । यसको प्रचारप्रसार हुनसकेको छैन । तराईमा सडकको पनि विकास हुनसकेको छैन । तराई कृषिका लागि सिँचाइ अभाव छ । मल र बीउ अभाव छ । सरकारले त्यसतर्फ ध्यान दिन जरुरी छ । जानकी अर्थात् सीताको यो मन्दिर उनको जन्मस्थल जनकपुरमा छ । मुगल शैलीमा बनाइएको मन्दिरलाई कलाको उत्कृष्ट नमूना मानिन्छ । जनकपुरमा धेरै पोखरी छन् । जलपर्यटनको दृष्टिकोणले पनि निकै महत्त्वपूर्ण देखिन्छ । यहाँका विभिन्न सागर हरूलाई जनकपुरको आयस्तरमा वृद्धि, रोजगारीमा वृद्धि तथा पर्यटकलाई जलविहार गर्न सकिने गरी विकास गर्न सकिन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरमा अवस्थित जानकी मन्दिर विश्वभरका हिन्दूको आस्थाको केन्द्र हो । हिन्दू धर्ममा लोकप्रिय रहेको रामायणकी सीताको जन्मस्थलमा निर्मित यो मन्दिर भव्य र आकर्षक छ । तर यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सरकारको इच्छाशक्ति हुनुपर्छ ।

सङ्घीयतालाई अझै बलियो र सुदृढ बनाउन सङ्घीय सरकारले प्रदेश र स्थानीय तहमा आवश्यक कर्मचारी दिनुपर्छ । सुशासनका निम्ति सबैभन्दा पहिला अख्तियार दुरुपयोग अनुन्धान आयोगलाई बलियो बनाउनुपर्छ । अख्तियारले सबै भ्रष्टाचारीलाई कारबाही गर्न सक्नुपर्छ । अख्तियार स्वतन्त्र हुनुपर्छ । सुशासनका निम्ति दलका नेताको आचरण परिवर्तन हुनुपर्छ । सँगै कर्मचारीको पनि आचरण सही हुनुपर्छ । सुशासन सरकारले 'भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्न' भन्ने नाराले मात्र हुँदैन । व्यावहारिक रूपमा त्यसको कार्यान्वयन हुनुपर्छ ।

अहिले देशका धेरै उद्योग बन्द छन् । विराटनगर जुटमिल, जनकपुर चुरोट कारखाना, गोरख काली टायर र वीरगञ्जको चिनी कारखानालगायत धेरै उद्योग बन्द भएको अवस्था छ । सयौँ उद्योग/कलकारखाना बन्द भएको अवस्थामा युवालाई रोजगारी सरकारले कसरी दिनसक्छ ? युवा पलायन रोक्नका लागि सरकारले बन्द भएका उद्योगलाई पुनःसञ्चालन गर्नुपर्ने हुन्छ । सरकारले भन्दा बढी रोजगारी निजी क्षेत्रले दिएको छ । निजी क्षेत्रको उद्योग/कलकारखानाले रोजगारी दिएका छन् । त्यसैले दलका नेताले जनतालाई झुटो आश्वासनमात्र दिएर हुँदैन । सरकार र नेताहरूले जनताको पक्षमा काम गरेर देखाउनुपर्छ । सरकारले बेरोजगारी अन्त्य गर्ने कार्ययोजना बनाउनुपर्छ ।

देशको अवस्था परिवर्तन गर्न नेतृत्व सही हुनुपर्छ । देशको निम्ति काम गर्ने हुटहुटी हुनुपर्छ । अन्य देशका सरकार पनि पार्टीबीच गठबन्धन गरेर बनेका छन् । उनीहरूको सरकार पाँच वर्ष टिक्छ । तर हाम्रोमा एक वर्षमै ढल्छ । यो सबै नेतृत्वपङ्क्तिको दोष हो । हामीकहाँ राजनीतिक संस्कारको विकास हुनसकेको छैन ।

हाम्रो पार्टीले छ महिनासम्म 'जनतासँग जसपा' भन्ने अभियान सञ्चालन गरेको थियो । अब राजमार्ग केन्द्रित अभियान सञ्चालनको तयारी भइरहेको छ । पार्टीको जिम्मेवारीसँगै सांसद भएकाले अब संविधानमा मधेसी समुदायको अधिकार सुनिश्चित गर्नेतर्फ मेरो भूमिका हुन्छ । रासस

# वीरगञ्ज सुक्खाबन्दरगाह सञ्चालनको जिम्मेवारी भारतीय कम्पनीलाई

वीरगञ्ज । वीरगञ्ज सुक्खा बन्दरगाह (इन्ल्यान्ड क्लियरेन्स डिपो)को व्यवस्थापन र सञ्चालनको जिम्मेवारी भारतीय कम्पनी प्रिस्टिन मेगा लजिष्टिक पार्क प्रालिले पाएको छ ।

नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले आगामी पाँच वर्षका लागि सुक्खाबन्दरगाह सञ्चालन र व्यवस्थापनका लागि प्रिस्टिन मेगा लजिष्टिक पार्क प्रालि रु चार अर्ब ७१ करोड लागतमा छनोट भएको जानकारी दिनुभयो । समितिका अनुसार सुक्खाबन्दरगाहको व्यवस्थापन र सञ्चालनका लागि आह्वान गरेको बोलपत्रको प्राविधिक मूल्याङ्कनमा कन्टेनर कर्पोरेसन अफ इन्डिया लिमिटेड र प्रिस्टिन मेगा लजिष्टिक पार्क प्रालि छनोट भएका थिए ।

कन्टेनर कर्पोरेसन अफ इन्डिया प्रालिले भने रु चार अर्ब ५१ करोड रकमको बोलकबोल गरेको थियो । समितिका अनुसार छनोट भएको कम्पनीसँग ठेक्का सम्झौता भएपछि आगामी साउनदेखि पाँच वर्षसम्म सुक्खाबन्दरगाहको व्यवस्थापन र सञ्चालनको काम गर्न पाउनेछ । यसअघि पनि सोही कम्पनीले रु तीन अर्ब ३३ करोड लागतमा पाँच वर्षका लागि सुक्खाबन्दरगाह व्यवस्थापन र सञ्चालनको ठेक्का प्राप्त गरेको थियो ।

वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दरगाह ५७ बिघा क्षेत्रफलमा अवस्थित छ । यस बन्दरगाहमा कार्गो रेलबाट मात्रै मालसमान ल्याउने गरिन्छ । यो सन् २००० मा विश्व बैङ्कको ऋण सहयोगमा रु ८२ करोड लागतमा निर्माण गरिएको हो । भारत सरकारको रु २० करोड लागतमा रक्सौलदेखि बन्दरगाहसम्म रेल लिङ्क निर्माण गरिएको छ । वीरगञ्ज सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा भने रु ३२ अर्ब ३२ करोड राजस्व सङ्कलन गरेको छ । गत आवमा भने सो कार्यालयले रु ४७ अर्ब ३१ करोड राजस्व सङ्कलन गरेको थियो ।रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| वृष : | पढाइमा प्रगति नै हुनेछ । |
| मिथुन : | धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ । |
| कर्कट : | गरेका कामबाट राम्रै लाभ हुनेछ । प्रेमीको सहयोग पनि पाइनेछ । |
| सिंह : | स्वास्थ्यमा समस्या आउन सक्छ, सचेत रहनु होला । जोशजाँगर र आत्मबलमा पनि कमी आउनेछ । |
| कन्या : | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| तुला : | सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । अरुलाई प्रभावित पारेर अधुरा काम बन्नेछ । |
| वृश्चिक : | परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् । |
| धनु : | धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । |
| मकर : | विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । |
| कुम्भ: | धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । |
| मीन : | वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रामनवमीको उपलक्ष्यमा जनकपुरधामको राम मन्दिरमा भारतबाट आएका साधु सन्त। *तस्विर : संजय कुमार यादव*

# विद्युत् प्राधिकरणका दुवै रिट 'हेर्दाहेर्दै' मा

काठमाण्डु । सर्वोच्च अदालतमा नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाइएका कुलमान घिसिङ र नवनियुक्त हितेन्द्रदेव शाक्यको रिट निवेदन रिट हेर्दाहेर्दैमा बुधबारका लागि सुनुवाइ हुनेभएको छ।



न्यायाधीशद्वय कुमार चुडाल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले आज दुवैका रिटमाथि सुनुवाइ हुँदाहुँदै समय नभ्याएपछि हेर्दाहेर्दैमा बुधबारका लागि सुनुवाइ हुने भएको हो ।प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णय बदरको माग गर्दै कुलमान घिसिङले रिट निवेदन दायर गर्नुभएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले चार वर्षअघि आफूलाई निकालेर घिसिङको नियुक्ति नै गलत भएको उल्लेख गर्दै त्यतिबेला रिट निवेदन दायर गर्नुभएको थियो ।उक्त रिट निवेदनमाथि निर्णय नभई चार वर्ष बितेपछि अहिले कुलमानको निवेदनमा सुनुवाइ गर्न नमिल्ने उल्लेख गर्दै अर्को रिट निवेदन दायर गर्नुभएको थियो। अदालतले दुवै रिट निवेदनलाई एकै ठाउँमा राखेर सुनुवाइ गरिरहेको छ।रासस

# 'जडीबुटी कम्पनी चाँडै बौरिने छ'

काठमाण्डु । 'सञ्चो' भनेर धेरै नेपालीलाई थाहा छ तर उत्पादक संस्थाबारे कतिपयलाई थाहा नहुन सक्छ । कम्पनिले अन्य विविध उत्पादनहरू गरिरहे पनि 'सञ्चो' एक स्थापित ' ब्रान्ड' नै भइसकेको थियो । जसले उत्पादक कम्पनीबारे पनि आमनागरिकमा एउटा छाप छोड्दै थियो । यसका पछाडि वर्षौंदेखि संस्था र सरकारका लगानी तथा मेहेनत छ। विडम्बना, त्यही संस्था गत शुक्रबारदेखि भग्नावशेषमा परिणत भएको छ। पूर्वराजा ज्ञानेन्द्र शाहपक्षधर प्रदर्शनकारीले आगजनी गर्दा कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड खण्डहर बनेको हो।




भवन खण्डहर छ। त्यहाँ रहेका उपकरण र अन्य सामग्री जलेर खरानी भएका छन् । 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस'(जिएमपी) सुविधासहितका दुई वटा भवनमा क्षति पुग्नाका साथै औषधि उत्पादनमा प्रयोग हुने कच्चापदार्थ, उपकरण, फर्निचर, कागजातल, प्याकेजिङलगायत सामग्री जलेर खरानी भएका छन्। प्रारम्भिक विश्लेषणअनुसार आगजनीबाट रु २८ करोड बराबरको क्षति हुन पुगेको छ।

हाल त्यही खण्डहर भवनमा रहेका भग्नावशेष र खरानी पन्छाउने काम जारी छ । त्यो दिन सम्झिँदा कम्पनीकी महाप्रबन्धक सङ्गीता यादवको मन भक्कानिन्छ । जनमानसमा 'सञ्चो'उत्पादन गर्ने संस्थाका रूपमा चिनिएको यस कम्पनीलाई आफ्नै आँखा अगाडि खरानी भएको देख्दा उहाँको मन रोएको छ। महाप्रबन्धक यादव भन्नुहुन्छ, "मैले आफैँले त्यो नयाँ मेसिन राखेको थिएँ। अब यो लेभलसम्म आयो भनेर कति खुसी थियौँ तर आँखा अगाडि नै त्यो सबै संरचना जलेको देख्दा आँखाबाट आँसु नै आयो। मन थाम्न सकिँन। यस्तो हुन पुग्यो।"

जिएमपीअनुसार सञ्चालन गरिएको भवनलगायत स्वचालित उपकरणहरू जलेर ध्वस्त हुँदा उत्पादन ठप्प छ। यद्यपि चाँडै नै कम्पनी पुरानै अवस्थामा फर्किने आशामा रहेको महाप्रबन्धक यादवको विश्वास छ । उहाँले भन्नुभयो, "सबै जलेर खरानीमा परिणत भएको छ। कम्पनी फेरि सुरुआत गर्नु त पर्छ तर सुरुआती चरणमा म्यानुअल(हातबाट) फिलिङमै जानुपर्ने भयो। कम्पनी विविध चुनौतीका बीच एक

> **जिएमपीअनुसार सञ्चालन गरिएको भवनलगायत स्वचालित उपकरणहरू जलेर ध्वस्त हुँदा उत्पादन ठप्प छ । यद्यपि चाँडै नै कम्पनी पुरानै अवस्थामा फर्किने आशामा रहेको महाप्रबन्धक यादवको विश्वास छ ।**

लेभलमा अगाडि बढिरहेको थियो, शाखा पनि विस्तार गरिसकेका थियौँ। हामी सबै कर्मचारी उत्साहित थियौँ तर हुलदङ्गाको चपेटामा परेर सबै गुम्यो। अब सरकारले यसलाई गम्भीर भएर सोचिदिनुपर्छ।"

पहिलाकै अवस्थामा कम्पनीलाई ल्याउन कठिन भए पनि प्रयास र समन्वय भइरहेको छ । कम्पनीले देशभरिमा रहेका शाखा कार्यालयबाट उत्पादन सुरु गर्ने लक्ष्य राखेको छ। "यो संस्था अप्रिय दुर्घटनाको सिकार हुन पुग्यो। सातवटै प्रदेशमा शाखा राख्ने भनेर विभिन्न ठाउँमा काम भइसकेको छ । लुम्बिनी प्रदेशमा मात्र जान बाँकी थियो । जाजरकोटमा पनि हालैमात्र शाखा विस्तार गरेका थियौँ। गोरखामा पनि सुरु गर्ने तयारी थियो । अब जिल्लामा रहेका शाखाबाट उत्पादन गर्ने कोशिस गर्छौं तर जति माग थियो त्यसलाई भने धान्न सकिँदैन", महाप्रबन्धक यादवले भन्नुभयो।

उहाँका अनुसार अस्थायी संरचना तयार गरेर भएपनि उत्पादन सुरु गर्ने र यसका लागि सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्छ । यादवले भन्नुभयो, "छानविन आफ्नो ठाउँमा छ । आफ्नो तर्फबाट सम्बन्धित निकायसँग पहल गरिरहेका छौँ । व्यवसाय गर्ने संस्था हो । आफैँ कमाउने आफैँ खाने संस्था हो । अर्थतन्त्रमा यसको पनि योगदान हुन्छ । त्यसैले उत्पादन रोकिनुहुन्न । आशा छ हामी चाँडै बौरिने छौँ। सञ्चोको उत्पादन पुनः हुनुपर्छ भनेर लागिरहेका छौँ, यसमा सबैबाट सहयोग पाउने छौँ।"

विसं २०३८ मा स्थापित सरकारको स्वामित्व भएको यो कम्पनीले विभिन्न औषधियुक्त एवं सुगन्धित जडीबुटीहरूको सङ्कलन र प्रशोधन गर्दै आएको छ। कम्पनीले सञ्चो, भिक्स, हिमालय मसाज तेल, सञ्चो जटा केश तेललगायत उत्पादन गर्दै आएको छ।रासस

# 'बब्लु टी स्टाल'-जस्को चियाको चुस्की लिन मरिहत्ते गर्छन् पारखीहरु !

वीरगञ्ज । तीन दशकअघिसम्म वीरगञ्जको बजारमा एक प्याकेट दूधको चिया पकाएर बेच्नका लागि रामनिवास शर्मालाई चोक-चोकमा भौँतारिनुपर्दथ्यो । तर भारतको राजस्थान स्थायी घर भएका शर्माको एक केट्ली चिया बिक्री हुने-नहुने कुनै 'ग्यारेन्टी' हुँदैनथ्यो । तर उहाँ कहिल्यै विचलित हुनुभएन।

एक न एक दिन त वीरगञ्जवासीको धित मर्ने गरी चिया पिलाउने अभिलाषासहित आफ्नो यात्रामा निरन्तर डटेर लागिरहनुभयो। जसको परिणामस्वरुप अहिले सम्भवतः वीरगञ्जकै सबैभन्दा धेरै चिया बिक्री गर्ने चर्चित 'बब्लु टी स्टाल'का सञ्चालकका रुपमा नयाँ परिचय कमाउनुभएको छ । सुरुआती दिनमा उहाँलाई चिया बेच्न सहज भने पक्कै थिएन । "३० वर्षअघि त शनिबार वीरगञ्जका सबैजसो बजार ठप्प जस्तै हुने गर्थ्यो । आफैँले एक प्याकेट दूधको चिया बनाएर केट्लीमा वीरगञ्जका टोलटोलमा बेच्न गएर ग्राहकलाई लोभ्याउनुपर्ने हुन्थ्यो," शर्माले विगत कोट्याउँदै भन्नुभयो, "त्यतिबेला ग्राहकलाई आकर्षित गर्नकै लागि बिहान ४ बजेदेखि चियापसल खोलेर ग्राहकको चियाको तलतल मेट्ने काममा भने निरन्तर रुपमा लागिरहैं। जसको कारणले पनि अहिले हाम्रो चिया भन्ने बित्तिकै मानिसहरु भुतुक्कै हुने गर्नुहुन्छ।"



शर्माले आफ्नो कान्छो छोरा बब्लुका नामबाट ३० वर्षअघि वीरगञ्जको घडीअर्वा पोखरीको भन्दा डेढ सय मिटर दक्षिणतर्फ 'बब्लु टी स्टाल' सञ्चालन गर्दै आइरहनुभएको छ । शर्माले अहिले दैनिक ८० देखि १०० लिटर दूधको चिया बेच्दै आइरहनुभएको छ। अहिले शर्माको चियापसलमा दैनिक ८०० देखि एक हजार कपको औसतमा चिया बिक्री हुने गर्छ । "सुरु-सुरुमा त डेढ रुपैयाँ कप चिया पनि बेचियो," उहाँले भन्नुभयो, "समयको अन्तरालसँगै अहिले चियाको मूल्य भने धेरै नै बढिसक्यो ।" अहिले पनि 'बब्लु टी स्टल'मा चिया खाने ग्राहकको सङ्ख्यामा कुनै कमी आएको छैन। शर्मा नेपाल आफ्नो कर्मभूमि भएको बताउनुहुन्छ।

"भारतको राजस्थान राज्य मेरो जन्मभूमि भए पनि नेपाल मेरो कर्मभूमि हो," उहाँले विगत सम्झँदै भन्नुभयो, "कामको सिलसिलामा ५५ वर्षअघि भारतको राजस्थानबाट वीरगञ्जमा आएको हुँ। सुरुआती चरणमा त वीरगञ्जको महावीर गल्लीमा विभिन्न पसलमा समेत काम गरैं । त्यसबाट खासै सन्तुष्टि नलागेर चिया पसल खोलेको हुँ।"

सञ्चालक शर्मा आफैं पनि वीरगञ्जको अन्य ठाउँको तुलनामा आफ्नो चियाको गुणस्तर र स्वाद राम्रो हुने गरेकाले मूल्य पनि महङ्गो रहेको स्वीकार्नुहुन्छ । सामान्यतया वीरगञ्जका बजारमा एक सानो कप चियाको मूल्य रु २० पर्ने गर्छ । तर, यहाँ भने एक कप मट्का चियाको मूल्य ३५ छ। गुणस्तरीय चियाका कारण ग्राहकले महङ्गो भयो भनेर गुनासो गरेको उहाँले सुन्नु परेको छैन।

"वीरगञ्जको अन्य ठाउँका चिया पसलको तुलनामा हाम्रो चिया महङ्गो नै छ । हाम्रो चिया 'बढिया' भएकाले पनि धेरै मूल्य परेको हो," उहाँले भन्नुभयो, "हामीले सकेसम्म कृषकको घरबाट सोझै भैंसीको शुद्ध दूध ल्याएर चिया पकाउने गर्छौं । किसानलाई दूधको उचित मूल्य दिएकै कारणले पनि चियाको मूल्य बढी पर्ने गरेको हो।"

उहाँले देहातबाट औसतमा रु १०० देखि ११० प्रतिलिटरमा भैंसीको दूध खरिद गर्दै आइरहेको दाबी गर्नुभयो। उहाँले आफूले प्रयोग गर्ने चियापत्ती पनि भारतको आसाम राज्यबाट ल्याउने गरेको बताउनुहुन्छ । "हामीले चियापत्ती एक पटक मात्रै प्रयोग गर्ने गर्छौं । दोस्रो पटक त्यो चियापत्तीको प्रयोग गर्दैनौं," उहाँले भन्नुभयो, "आसामबाट ल्याएको चियापत्ती र देहातको भैंसीको शुद्ध दूधका कारणले पनि चियाको चुस्की राम्रो भएको होला कि !"

> **"हामीले चियापत्ती एक पटक मात्रै प्रयोग गर्ने गर्छौं । दोस्रो पटक त्यो चियापत्तीको प्रयोग गर्दैनौं," उहाँले भन्नुभयो, "आसामबाट ल्याएको चियापत्ती र देहातको भैंसीको शुद्ध दूधका कारणले पनि चियाको चुस्की राम्रो भएको होला कि !"**

शर्मा आफैं वीरगञ्जमा मट्का चियाको सुरुआतकर्ता नभएको बताउनुहुन्छ। हामीले भन्दा पहिले अरूले नै मट्का चिया बेच्दै आइरहनुभएका थिए । तर अरूले मट्का चिया पसललाई निरन्तरता दिन सकेनन् । "मट्कावाला चियाको स्वाद नै अर्कै हुन्छ। माटोका भाँडाको स्वादले पनि ग्राहक लोभिँदै आइरहनुभएको छ," उहाँले भन्नुभयो, "हातले नै बनाएका मट्काको प्रयोग गर्ने भएकाले पनि स्वादमा ठूलो अर्थ राख्नेरैछ।"

उमेरले ७९ वसन्त पारे गरे पनि शर्माको जाँगरमा भने अहिलेसम्म पनि कमी भएको छैन। अहिले पनि बिहान ४ बजे उठेर चिया पसल खोल्न र बिहान साढे ६ बजेसम्म आफैँ चिया पकाएर ग्राहकलाई चिया पिलाउँदै आइरहनुभएको छ। शर्माका तीन छोरा छन्- सनोदकुमार शर्मा, योगेशकुमार शर्मा र बब्लु शर्मा । बब्लु र अर्का एक छोराले चियापसलमा सहयोग गर्दै आइरहेका छन्भने अर्को छोरा जागिरे छन्।

"बुबाले थालेको चियापसललाई हामीले निरन्तरता दिँदै आइरहेका छौँ," कान्छा छोरा बब्लुले भन्नुभयो, "दैनिक औसतमा ३० हजारभन्दा बढी मूल्यको चियाको बिक्री हुने गर्दछ। स्वादिलो चिया बनाउने भएकाले एक लिटर दूधले औसतमा करिब १० कप चिया मात्रै बन्ने गर्छ।"

'बब्लु टी स्टाल' मा एकाबिहानैदेखि बेलुकासम्म ग्राहकको भीड थेगिनसक्नु हुने गर्छ । यसका मुख्य ग्राहकहरुमा पर्साका स्थानीय उद्योगी-व्यवसायी, प्रहरी प्रमुख, प्रशासक, भन्सार प्रशासकहरु र सर्वसाधारण उत्तिकै रहेका छन् । यसका अलावा वीरगञ्जमा घुम्न आएका चियापारखीले पनि खोजी-खोजी 'बब्लु टी स्टाल'मा चिया पिउनका लागि आउने गर्छन्।

गत चैत ८ गते शर्माकै चियापसलमा पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहितका माओवादी केन्द्रका शीर्षनेताहरु आएर पनि चिया पिउँदा निकै प्रफुल्लित भएको प्रतिक्रिया दिनुभयो। उहाँलाई सो अवसर भने जनतासँग माओवादी-हुलाकी राजमार्ग केन्द्रित मधेस जागरण अभियान अन्तर्गतको कार्यक्रमले जुराइदिएको थियो। "नेपालका पूर्वप्रधानमन्त्री नै आएर चिया पिउँदा पक्कै पनि खुसीको महसुस गरिरहेका छौँ," शर्माले भन्नुभयो, "उहाँहरु जस्तो शीर्षनेता हाम्रो झुपडीमा आएर चिया पिउँदा आफूलाई गौरवान्वित महसुस भइरहेको छ।"

शर्माले वीरगञ्जमा आउने उच्चपदस्थ कर्मचारी तथा राजनीतिज्ञहरुले आफूले पकाएको चिया पिउँदै आइरहे पनि को को आउनुभयो भनेर रेकर्ड राख्ने नगरेको अनुभव सुनाउनुभयो। शर्माले आफूले चिया बेचेर नै आफ्नो परिवारका सबै सदस्यलाई खुसीसाथ जीवनयापन गर्न सहज भएको बताउनुहुन्छ।रासस

## Invitation for Bids

### Laxminiya Rural Municipality

### Office of Rural Municipal Executive

### Laxminiya Bazar, Dhanusha

**Date of publication: 02/04/2025**


1. Laxminiya Rural Municipality,Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under Sealed Quotation.

| S. N. | Contract ID No. and Description | Total Cost (Without VAT &contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | LAX/WORKS/03-2081/82 Lata Yadav ko Ghar dekhi Tapanpur jane bato starunnati | 1724972.01 | Nrs.1000 | 17th April 2025 (Within 12:00 hrs) | 17th April 2024 Within 13:30 hrs | 45 days From last date of bid submission | Rs 50000.00 | 75 days From last date of bid submission |

2. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जुलुसले जनआक्रोश शान्त हुँदैन

राजावादी र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले हिन्दू राष्ट्र र राजतन्त्र स्थापनाको लागि देशमा भ्रष्टाचार, अराजकतालाई प्रमुख मुद्दा बनाएका छन् । उनीहरुले संघीय लोकतान्त्रिक गणतन्त्रको नाममा केही दलका नाममा केही नेताहरुले देशमा लुट मच्चाएको, कानुनी राज्यको उपहास गरेको जस्ता आरोप लगाउँदै राजाको शासनमा यस्ता विकृतिहरु नरहेको र नरहने बताउँदै जनभावनालाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेका छन् । सरकार र नेताहरुले गरिरहेको भ्रष्टाचार विरुद्ध जनआक्रोश बढदो छ । हरेक वर्ष भारी संख्यामा युवा जनशक्ति विदेशिने क्रम जारी छ । देशमा रोजगारीको अवसर सृजना गर्ने तर्फ सरकार गम्भीर छैन । कामका लागि विदेशिने र उतै ज्यान गुमाउनु पर्ने बाध्यात्मक स्थितिले देशमा अनेकौ विकृति बढेको छ । जनतामा अहिले सरकार र दलहरुप्रति वितृष्णा बढेकाले नै राजावादी र राप्रपाले त्यसलाई राजाको पक्षमा पार्ने प्रयास गरिरहेका छन् । राजा आउ देश बचाउ भने नाराले जनमनलाई आकर्षित गर्न नसके पनि हिन्दू राष्ट्र कायम गर भने नाराले राजावादी र राप्रपालाई सहयोग भइरहेको छ । अहिले पनि नेपालीहरु हिन्दू राष्ट्रको पक्षमा छन् । नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्ने तत्कालीन आन्दोलनको माग थिएन । नेताहरुले आफ्नो व्यक्तिगत स्वार्थका लागि हिन्दू राष्ट्र हटाए । संसारकै एकमात्र हिन्दू राष्ट्रलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएबाट नेपाल र नेपालीले पहिचान गुमाउनु बाहेक केही गर्न सकेको छैन् । धर्म निरपेक्ष राष्ट्र घोषणा गर्दा त्यसले जनताको मन दुखाउने काम मात्र भयो । केही नेताहरुले त्यस वापत प्रयाप्त युरो लिए । राप्रपा र राजावादीहरुलाई काउण्टर गर्न नेकपा एमालेले प्रायः सबै जिल्लामा जुलुस गरेको छ । जुलुस गरेर एमालेले जनमत राजावादीको पक्षमा नरहेको देखाउँदै तटस्थ रहेका नागरिकलाई राजावादीतर्फ नढल्कन सन्देश दिने प्रयास गरेको छ । तर जुलुसमा विकासको योजनाहरु बिक्री गर्ने दलाल, भ्रष्टाचारी मन्त्री, निर्माण कार्य अलपत्र पार्ने ठेकदारहरुलाई देख्दा जनतामा वितृष्णा झन् बढने छ । भ्रष्टाचार गर्ने नेताहरु जुलुसको अग्रभागमा रहँदा आमनागरिकमा नकारात्मक सन्देश प्रवाह भएको छ । आमनागरिकले भ्रष्टाचार मुक्त शासन चाहेका छन् । देशमो संघीय लोकतान्त्रिक गणतन्त्र बहाल भएको डेढ दशकमा पटक पटक तीन जना मात्र प्रधानमन्त्री बनेका छन् । एमालेका अध्यक्ष कपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्ड आलोपालो प्रधानमन्त्री बनेका छन् । उनीहरु नै फेरि प्रधानमन्त्री बन्ने पालो कुरिरहेका छन् । तर उनीहरुले यतिको वर्षमा देश र जनतालाइ के दिए ? त्यसको जवाफ दिन सक्ने अवस्थामा उनीहरु छैनन् । राजाप्रति जनताको सहानुभुति नरहे पनि नेताहरुप्रतिको आक्रोशलाई राजावादीहरुले आफ्नो पक्षमा जनमत रहेको भ्रममा छन् । तर नेताहरु नसच्चिए त्यो भ्रम यथार्थ हुन असम्भव छैन ।

# नेपालमा प्रजातन्त्र विरुद्ध हिन्दू राजतन्त्रको लडाइँ



डा.केदार कार्की

पछिल्लो समय नेपालमा पुनः व्यवस्था परिवर्तनको बहस सुरु भएको छ । सामाजिक सञ्जाल र घरघरमा राजतन्त्र आउनैपर्छ, आउनु नै हुँदैन र छिमेकी मुलुकले जस्तो परिस्थिति निर्धारण गर्छ, सोहीअनुसार हुन्छ भन्नेजस्ता विभिन्न अभिव्यक्ति सार्वजनिक हुन थालेका छन् ।नेपालमा फेरि एकपटक राजनीतिक उथलपुथल बढेको छ। यसपटकको लडाइँ राजनीतिक दलहरू बीचको होइन, राजतन्त्र र लोकतन्त्र बीचको हो। नेपालका पूर्व राजा ज्ञानेन्द्र शाह राजधानी काठमाडौँ फर्किए, जहाँ उनलाई लाखौंको भीडले स्वागत गर्‍यो। मानिसहरू हिन्दू राजतन्त्र फिर्ताको माग गरिरहेका छन्। आफ्नो सन्देशमा ज्ञानेन्द्रले नेपालको वर्तमान सरकारमाथि हमला गर्दै आफू देशको जिम्मेवारी लिन तयार रहेको बताए। नेपालको राजनीतिक अस्थिरता र राजतन्त्रप्रति बढ्दो जनसमर्थनले सरकारलाई चिन्तित बनाएको छ।

लोकतन्त्र पक्षधर नेताहरूले गरेका वाचाहरू पूरा नभएको नेपाली जनताको बुझाइ छ। देशको अर्थतन्त्र कमजोर भएको छ, बेरोजगारी बढिरहेको छ, र विदेशिने नेपाली नागरिकहरूको संख्या पनि बढिरहेको छ। यही असन्तुष्टिका कारण जनता फेरि राजतन्त्रतिर लागेका छन्। नेपालमा हिन्दू राजतन्त्रको माग पनि बढ्दै गएको छ किनभने धेरै नागरिकहरू विश्वास गर्छन् कि बलियो नेतृत्वले मात्र देशलाई सही दिशामा लैजान सक्छ।

पछिल्लो १७ वर्षमा नेपालमा १४ वटा सरकार परिवर्तन भएका छन्। लोकतन्त्रको जीवन्तता कायम राख्न राजनीतिक स्थिरता, लोकतान्त्रिक स्थिरता, लोकतान्त्रिक संस्थाहरूको कार्यप्रणाली, नेताहरूको नेतृत्व, जनताको सहभागिता सबै आवश्यक छन् तर नेपालका राजनीतिक दलहरू लोकतन्त्रको सौन्दर्य कायम राख्न असफल भएका छन्। एकअर्काको विरोध गर्न, एकअर्कालाई हराउन र सरकारमा रहन उनीहरू शक्ति समीकरणमा अल्झिएका छन्। उनलाई देश, जनता र अर्थतन्त्रको कुनै वास्ता थिएन। तिनीहरू आफ्नो रोटी कमाउन एकअर्कालाई तल झार्ने काममा व्यस्त रहे। यसको परिणामस्वरूप मुद्रास्फीति र बेरोजगारी चरम सीमामा पुगेको छ। अर्थतन्त्र खराब अवस्थामा छ। भ्रष्टाचार चरम सीमामा छ। धेरै ठगी र घोटालाहरू छन्। चाहे नेपाल कांग्रेस होस् वा कम्युनिष्ट, सबैले जनतालाई निराश बनाएका छन्। मानिसहरूले अब यसमा कुनै आशा देख्दैनन्। मानिसहरूलाई लाग्न थालेको छ कि यी राजनीतिक दलहरूले देश र उनीहरूलाई बर्बाद पारेका छन्। यो भन्दा त राजतन्त्र नै राम्रो थियो। जनआक्रोशको प्रमाण भनेको पूर्वराजा ज्ञानेन्द्रलाई स्वागत गर्न हजारौं मानिसहरू भेला हुनु हो। पछिल्ला तीन महिनामा, ज्ञानेन्द्रले नेपालका विभिन्न भागहरूको भ्रमण गरे। यो भ्रमणले उनको लोकप्रियता बढायो। आफ्ना भाषणहरूमा उनले वर्तमान राजनीतिको आलोचना गर्दै नेपालको इतिहास मेटाउने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै नेपालका राजनीतिक दलहरूमाथि प्रत्यक्ष आक्रमण गरे। नेपालको पहिलेको हिन्दू राष्ट्रको हैसियतलाई उल्लेख गर्दै उनले जातीय पहिचान मेटिने खतराको बारेमा चिन्ता व्यक्त गरे। नेपालको बिग्रँदै गएको आर्थिक अवस्था, चीनको बढ्दो ऋण, उद्योगहरूको खस्कँदो स्तर र शैक्षिक संस्थाहरूको कमजोर अवस्थाप्रति जनताको ध्यान आकर्षित भयो।

२००७ भन्दा पहिले, नेपालमा राजालाई हिन्दू देवीदेवता जस्तै पूजा गरिन्थ्यो। राजालाई विष्णुको अवतार मानिन्थ्यो र कुनै पनि उच्च सम्मानित मन्दिरमा जस्तै उनको दर्शन गर्न आम मानिसहरूको लामो लाइन लाग्थ्यो। नेपाल विश्वको एक मात्र हिन्दू राष्ट्र थियो, तर बन्दुकधारी क्रान्तिका कारण २८ मे २००८ मा राजतन्त्रको अन्त्य भयो र त्यहाँ अर्ध-मनको प्रजातन्त्र स्थापना भयो। नेपालमा हिन्दू राष्ट्रको अन्त्यको पीडा भारतका मानिसहरूको ठूलो समूहमा अझै पनि छ। नेपालमा हिन्दू राजतन्त्रको पतन हुनुका धेरै कारणहरू थिए। सबैभन्दा ठूलो कारण यो थियो कि राजतन्त्रले जनभावनाको सम्मान गर्न छोडेको थियो। दरबारमा रक्तपातपूर्ण षड्यन्त्रहरू रचिए र जनताको इच्छालाई निरन्तर कुल्चियो। छिमेकी देश भारतमा राजतन्त्र र हिन्दू राष्ट्रको मागले हिंसात्मक आन्दोलनको रूप लिएको छ। काठमाडौं र अन्य धेरै क्षेत्रमा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच भएको झडपमा दुई जनाको मृत्यु भएको छ भने धेरै जना घाइते भएका छन्। नेपाल सरकारले धेरै क्षेत्रमा सेना परिचालन गरेको छ र कर्फ्यू लगाएको छ। राजतन्त्रको अन्त्य गरेर लोकतन्त्रमा विश्वास व्यक्त गरेका नेपाली जनता आज कम्युनिष्ट सरकारबाट निराश छन्। लोकतन्त्रको नाममा कम्युनिष्ट सरकार चीनको कठपुतली बनेको छ र नेपाललाई चीनको काखमा राखेको छ। जनता ठगिएको महसुस गरिरहेका छन्। यस्तो अवस्थामा नेपाललाई फेरि हिन्दू राष्ट्र बनाउनुपर्ने, पूर्वराजा ज्ञानेन्द्र शाहको पुनरागमन र राजतन्त्र पुनर्स्थापनाको माग गर्दै जनताको एक हिस्सा सडकमा उत्रिएको छ। नेपाली जनता सरकारसँग पूर्ण रूपमा निराश र निराश छन्। राजतन्त्रभन्दा पनि खराब अवस्था सिर्जना भएपछि जनताले लोकतन्त्रबाट आशा गुमाएका छन्। राजतन्त्रको पतन पछि, यस हिमाली देशमा राजनीतिक अस्थिरता कायमै छ।

> नेपालमा राजतन्त्रको पुनरागमन सजिलो हुनेछैन। यसका लागि या त संवैधानिक संशोधन गर्नुपर्नेछ या जनमत संग्रह मार्फत जनमत लिनुपर्नेछ। हाल नेपालको सरकार र संसद राजतन्त्रको पक्षमा छैनन्, तर यदि जनसमर्थन यसरी नै बढ्दै गयो भने राजनीतिक दलहरूले यो विषयमा विचार गर्नुपर्ने हुन सक्छ।

राजतन्त्र फिर्ताको माग र पूर्व राजा ज्ञानेन्द्रको बढ्दो लोकप्रियताले नेपालका कम्युनिष्ट पार्टीहरू, विशेष गरी प्रधानमन्त्री के.पी.को नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी-लेनिनवादी) लाई गहिरो चिन्तामा पारेको छ। शर्मा ओली र पूर्व माओवादी विद्रोही पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)। सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेस (एनसी) पनि राजतन्त्र समर्थकहरूको बढ्दो प्रभावबाट चिन्तित छ। पूर्व राजा ज्ञानेन्द्रलाई 'रतिया प्रजातन्त्र पार्टी' र 'रतिया प्रजातन्त्र पार्टी नेपाल' ले समर्थन गरेका छन्। यी दुवै दलले नेपालमा संवैधानिक राजतन्त्र पुनर्स्थापित गर्न र देशलाई फेरि हिन्दू राष्ट्र घोषणा गर्न माग गरिरहेका छन्।

नेपालका जनता विश्वास गर्छन् कि राजतन्त्रले मात्र आफ्नो हिन्दू पहिचानको रक्षा गर्न सक्छ। नेपाल कहिल्यै कसैको उपनिवेश भएको छैन। विकासको नाममा देशका सरकारहरूले जनताको शोषण मात्र गरेका छन्। नेपालका जनताको भारतसँग रोटी-छोरीको सम्बन्ध छ तर कम्युनिस्ट सरकारहरूले नेपाललाई चीनको उपनिवेशमा परिणत गरेका छन्। भारत विरोधी सरकारहरूले देशलाई धेरै हानि पुर्‍याएका छन्, जसले सार्वजनिक हितलाई हानि पुर्‍याएको छ। नेपालमा राजतन्त्र समर्थकहरूको बढ्दो प्रभाव र जनआक्रोशले नेपाललाई नयाँ मोडमा पुर्‍याएको छ। पूर्व राजा ज्ञानेन्द्रले हालै प्रयागराज, लखनऊ र गोरखपुरको भ्रमण गरेका थिए। राजपरिवारको भारतसँग सधैं धेरै सौहार्दपूर्ण सम्बन्ध रहँदै आएको छ।

नेपालमा राजतन्त्र फिर्ताको माग तीव्र हुँदै गइरहेको छ। राजतन्त्र समर्थक संगठनहरूले अब सरकारमाथि दबाब दिन थालेका छन् र एक हप्ताको अल्टिमेटम पनि दिएका छन्। यी घटनाक्रमहरूले देशको राजनीतिक वातावरणलाई अझ तातो बनाएको छ। नेपालमा बढ्दो राजनीतिक तनावका बीच आजकल राजतन्त्र समर्थक संगठनहरू एकजुट भएका छन्। संयुक्त जनआन्दोलन समितिको ब्यानरमा भइरहेको प्रदर्शनमा यी संस्थाहरूले सरकारबाट राजतन्त्र फिर्ताको माग गरेका छन्। राजतन्त्र समर्थक संगठनहरूले आफ्ना मागहरू स्पष्ट रूपमा राखेका छन्। उनीहरू नेपालमा १९९१ को संविधान पुनः लागू होस् भन्ने चाहन्छन्, जसले संवैधानिक राजतन्त्र, बहुदलीय प्रणाली र संसदीय लोकतन्त्रको व्यवस्था गरेको छ। यसबाहेक, उनी भन्छन् कि नेपाललाई फेरि हिन्दू राष्ट्र घोषणा गरिनुपर्छ। पुराना कानूनहरू फेरि लागू गर्नका लागि विद्यमान संविधानमा संशोधन आवश्यक रहेको उनको विश्वास छ। यो आन्दोलन नेपालको राजनीतिक भविष्यको लागि प्रभावशाली साबित हुन सक्छ। नेपालका शाही शासकहरूलाई कुनै समय हिन्दू देवता विष्णुको अवतार मानिन्थ्यो। त्यसैले, पूर्व राजा ज्ञानेन्द्रले बहुसंख्यक हिन्दू जनसंख्याको समर्थन पाउन सक्छन्। सबै अनुमानहरूबाट, यो अनुमान गर्न गाह्रो छैन कि उनका धेरै समर्थकहरूले उनलाई आशाको किरणको रूपमा हेर्छन्। जनता विश्वास गर्छन् कि राजतन्त्रले देशमा राजनीतिक स्थिरता पुनर्स्थापित गर्न सक्छ, जुन नेपालमा सपना नै बनेको छ किनकि सबै राजनीतिक दलहरू सत्ता चाहन्छन्, कोही पनि प्रतिपक्षमा रहन चाहँदैनन्.

केही समयदेखि नेपालमा सरकार र प्रतिपक्षबीचको राजनीतिक टकराव तीव्र भएको छ। यस्तो अवस्थामा, राजतन्त्र समर्थक र गणतन्त्रवादीहरू बीच बढ्दो द्वन्द्वले देशमा थप अस्थिरता ल्याउन सक्छ। हाल सरकारले यस विषयमा कडा अडान लिने संकेत दिएको छ र हिंसा फैलाउनेहरू विरुद्ध कडा कारबाही गर्ने चेतावनी दिएको छ। आगामी दिनमा नेपालको राजनीति कुन दिशामा जान्छ भनेर हेर्न रोचक हुनेछ। धेरैजसो नेपाली नागरिकहरूले "धार्मिक तटस्थता" शब्दलाई हिन्दू वा "धार्मिक स्वतन्त्रता" शब्दले बदल्न माग गरिरहेका छन्। २०१५ मा नयाँ संविधान जारी भएदेखि, नेपालमा "हिन्दू राज्य" को पुनर्स्थापनाको माग गर्दै जुलुसहरू भइरहेका छन्। यद्यपि, धार्मिक असहिष्णुताका घटनाहरूका बीचमा, यो चलिरहेको आन्दोलन समयसँगै बढ्दो रूपमा महत्त्वपूर्ण हुँदै गएको छ।

लोकतन्त्रको नाममा शासन गर्ने यी नेताहरूलाई जतिसक्दो चाँडो सत्ताबाट हटाइएन भने नेपालको भौगोलिक नक्सा परिवर्तन हुन धेरै समय लाग्दैन भन्ने महसुस नेपालका देशभक्त जनताले गर्न थालेका छन्। आफ्नो राजनीतिक इतिहासमा कहिल्यै कसैको दास नभएको नेपाल चीनको उपनिवेश मात्र बन्न सक्ने डर पनि छ र त्यसैले त्यहाँका जनता सडकमा उत्रिरहेका छन्। त्यसैले नेपाली जनता राजतन्त्र फिर्ताको माग गरिरहेका छन्। अचम्मको कुरा के छ भने नेपाली जनताले बुझेको कुरा सत्तामा रहेकाहरूले किन बुझ्न सकिरहेका छैनन्? नेपालमा शासन गर्ने ले नेपाली जनताको भावनालाई सकेसम्म चाँडो बुझेर तदनुसार काम गरेमा नेपाल र सम्पूर्ण महादेशको लागि राम्रो हुनेछ।

जुन देशका नेताहरू र राजनीतिक दलहरू अन्तिम समयमा हुने परिवर्तन र फेरबदलका लागि कुख्यात छन्, त्यहाँ हिन्दूवादी र राजतन्त्रवादी प्रवृत्तिहरू देख्न गाह्रो छ। यद्यपि, चुनावको समयमा वाचा गरिएका सामाजिक-आर्थिक परिवर्तनहरू पूरा गर्न असफल भएका संघीय राजनीतिक प्रणाली र लोकतान्त्रिक रूपमा निर्वाचित नेताहरूप्रतिको स्पष्ट मोहभंगलाई ध्यानमा राख्दै, यस्ता उदीयमान प्रवृत्तिहरूको मूल कारणहरूलाई सम्बोधन गर्नु अत्यावश्यक छ।

राजतन्त्र फिर्ताको एउटा विकल्प भनेको ज्ञानेन्द्रले चुनाव लड्नु हो। यद्यपि यो विकल्प केही समयदेखि विचार गरिँदै आएको छ, ज्ञानेन्द्र पूर्व राजा नै रहन्छन् र यससँग सम्बन्धित सांस्कृतिक र परम्परागत स्थिति कायम राख्छन्, र भगवानसँग सम्बन्धित मानिन्छन्। उनी सम्भवतः संसदमा आम जनतासँग बस्न चाहँदैनन्। इतिहासले यो पनि भन्छ कि राजाहरूले चुनाव लड्दैनन्। तर ३ करोड जनसंख्या भएको देशमा राजतन्त्रको पुनरागमनको लागि समर्थनको मापन गर्न गाह्रो छ। सामाजिक सञ्जालमा लोकप्रिय व्यक्तित्वहरू र राजतन्त्र समर्थकहरूले चलाएको अभियानले हलचल मच्चाउन सक्छ, तर व्यापक प्रचार वा राजनीतिक समर्थन बिना, राजतन्त्रको पुनरागमन असम्भव छ।

नेपालमा राजतन्त्रको पुनरागमन सजिलो हुनेछैन। यसका लागि या त संवैधानिक संशोधन गर्नुपर्नेछ या जनमत संग्रह मार्फत जनमत लिनुपर्नेछ। हाल नेपालको सरकार र संसद राजतन्त्रको पक्षमा छैनन्, तर यदि जनसमर्थन यसरी नै बढ्दै गयो भने राजनीतिक दलहरूले यो विषयमा विचार गर्नुपर्ने हुन सक्छ।

आगामी दिनमा नेपालको राजनीतिले कस्तो मोड लिन्छ, त्यो हेर्न बाँकी छ। जनताका नाराहरू जताततै गुन्जिरहेका छन्। राजा आउनुहोस् बचाउनुहोस् स्देश , के नेपालमा राजतन्त्र पुनः स्थापित हुनेछ? के नेपालले हिन्दू राष्ट्रको दर्जा पुनः प्राप्त गर्नेछ? यी सबै प्रश्नहरूको उत्तर भविष्यको गर्भमा लुकेको छ।

# राजावादी आन्दोलन र माओवादी दायित्व



खगेन्द्र छन्त्याल 'अमर'

राज्य व्यवस्था विभिन्न प्रकारका हुन्छन् । जुनसुकै राज्य व्यवस्था पनि त्यसका सञ्चालकले आफू र आफ्नो वर्ग अनुकूल निर्माण गरेका हुन्छन् । समाज विकासक्रम सँगै पुराना राज्य व्यवस्था जान्छन् र नयाँ आउँछन् । सत्तासीन वर्ग पुरानो राज्य व्यवस्था परिवर्तनको पक्षमा हुँदैन । तर जनता क्रान्तिकारी हुन्छन् । उनीहरू सधैं परिवर्तन चाहन्छन् । यद्यपि समाज विकासको रथलाई अगाडि बढ्न कसैले रोक्न र छेक्न सक्दैन ।

पुरानो राज्य व्यवस्थाको सत्तामा रहेर जनतामाथि अत्याचार गर्दै सुख-सयल गरेर बसेका मुठीभरका व्यक्ति र समूहले नयाँ राज्य व्यवस्थाको आगमनलाई अवरोध गर्छन् । निश्चय नै यही क्रममा पुरानो राज्य व्यवस्थाको ध्वंसका निम्ति कहिलेकाहीँ सचेत र सशस्त्र विद्रोहको आवश्यकता हुने गर्छ । त्यो सचेत सशस्त्र विद्रोहले पुरानो राज्य व्यवस्थाको ध्वंस गरेर नयाँ राज्य व्यवस्थाको निर्माण गर्छ । तर पुरानो सत्ता र व्यवस्थामा ऐस-आरामका जिन्दगी बिताएर बसेका केही सीमित व्यक्ति नयाँ सत्ता र व्यवस्थामा अन्तर्घुलन हुन सक्दैनन् । त्यस कारण उनीहरूले पुरानै शासनसत्ता र व्यवस्था चाहन्छन् । र त्यो प्राप्तिका निम्ति लामो समयसम्म निरन्तर प्रयास गरिरहन्छन् ।

दश वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलनको रापतापले नारायणहिटीको राजगद्दीबाट च्युत भएका ज्ञानेन्द्र शाह र उनका समर्थक राजावादी पछिल्लो समय सलबलाउन थालेका छन् । विशेषतः गएको फागुन ७ गते उनले पोखराबाट दिएको संविधानविपरीत अभिव्यक्तिपछि विकसित घटनाक्रम चिन्ताजनक र दुःखद छन् । पोखराबाट काठमाडौं फर्कंदा उनलाई स्वागत गर्ने नाममा राजावादीले शक्ति प्रदर्शन गरे । उनकै निर्देशनमा पूर्वपञ्च नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनर्स्थापनाको निम्ति संयुक्त जनआन्दोलन समितिको गठन भयो । चैत १४ गते विवादित व्यापारी तथा राजावादी व्यक्ति दुर्गा प्रसाईंलाई उनले निर्मल निवासमा भेट दिए । त्यस संदिग्ध भेटघाटलगत्तै दुर्गा प्रसाईंलाई राजावादीहरूको आन्दोलन समितिको कमान्डर ठोस गरियो । ज्ञानेन्द्र शाहको निर्देशनमा गठित राजावादी आन्दोलन समितिले चैत १५ गते तीनकुने क्षेत्रमा आयोजना गरेको कथित आन्दोलन हिंसात्मक बन्न पुग्यो । त्यस दिन हत्या, हिंसासँगै तोडफोड, आगजनी र लुटपाट समेत मच्चियो ।

ज्ञानेन्द्र र उनका समर्थकका यी क्रियाकलाप र गतिविधि अप्रत्याशित चाहिँ होइनन् । दुनियाँभरका ऐतिहासिक घटना क्रमले के देखाउँछन् भने पुरानो राज्य व्यवस्थाका सत्तासीन वर्ग जबजब सत्ताबाट फ्याँकिन्छ; तबतब उसले आफ्नो पुरानो सत्ता र व्यवस्था पुनरागमनका निम्ति लामो समयसम्म टाउको उठाइरहन्छ । तर जबजब ती पश्चगामी टाउकाहरू उठिरहन्छन्; तबतब अग्रगामी जनताले तिनलाई कहिल्यै नउठ्ने गरी पैतालामुनि किचिदिन्छन् । निश्चय नै ज्ञानेन्द्र शाहको नेतृत्वमा भइरहेको राजावादी आन्दोलनको जगमा आज नेपालमा राजतन्त्रले टाउको उठाउने कोसिस गरिरहेका छन् । के कुरा निश्चित छ भने इतिहासले रछ्यानमा मिल्काइसकेको नेपालको राजतन्त्रले फेरि टाउको उठाउन खोज्छ भने नेपाली जनताले त्यसलाई टुलुटुलु हेरेर बस्नेवाला छैनन् । उनीहरूले त्यसलाई अब फेरि कहिल्यै नउठ्ने गरी आफ्ना पैतालाले कच्याककिच्चिक पारिदिनेछन् ।

लुकेको कुरा होइन, दक्षिणतिरका हिन्दु अतिवादीहरू नेपालको धर्म निरपेक्षताप्रति सकारात्मक छैनन् । उनीहरूको भित्री मनसाय नेपाल हिन्दुराष्ट्र बनोस् भन्ने नै हो । नेपालको निम्ति हिन्दु राष्ट्रको बलियो आधार भनेको हिन्दु राजसंस्था नै हो । उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथले त पटक-पटक नेपालमा हिन्दु राजसंस्था फर्काउने चाहना व्यक्त गरिरहेका छन् । त्यस कारण ठोकैरै भन्न सकिन्छ कि उनीहरू नेपालमा राजसंस्थासहितको हिन्दुराष्ट्र निर्माण भएको देख्न चाहन्छन् । त्यसैले ती दक्षिणतिरका हिन्दु अतिवादीको यो मनसाय बुझेका ज्ञानेन्द्रले उनीहरूसामु आफूलाई नेपालको राजगद्दीमा पुनः बसालिदिन हारगुहार गरिरहेका छन् । उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथलाई उनले यही प्रसङ्गमा पटक-पटक लखनउ पुगेर भेटिरहेका छन् । आशीर्वादका निम्ति स्वदेश, विदेशका जीवित र निर्जीव शक्तिकेन्द्र र शक्तिपीठहरू धाइरहेका छन् ।

अर्को कुरा, गणतन्त्रपछिका प्रायः सरकारले जनअपेक्षा अनुरूपका काम गर्न सकेनन् । वाइडबडी जहाज काण्ड, यति काण्ड, ओम्नी काण्ड, गिरीबन्धु टी स्टेट काण्ड, सेक्युरिटी प्रिन्टिङ प्रेस काण्ड, भुटानी शरणार्थी काण्ड, सुन काण्ड, सरकारी जग्गा काण्ड आदि-इत्यादि कैयौं काण्डमा फसेर सरकार दुर्गन्धित हुनुले पनि ज्ञानेन्द्र शाह तथा उनका समर्थकलाई उत्साह मिलेको छ । अर्थात् गणतन्त्रको विपक्षमा जनमत तयार गर्दै राजावादी आन्दोलन संगठित गर्न मद्दत गरेको छ । तर गलत चिजको विकल्प झन् गलत चिज हुन सक्दैन, त्यसको विकल्प राम्रो चिज हो ।

पुरानो र पिछडिएको प्रतिगामी सोच र चिन्तनको विकल्प झन् पुरानो र झन् पिछडिएको, थोत्रिएको र लत्रिएको सोच र चिन्तन हुनै सक्दैन; त्यसको विकल्प अग्रगामी सोच र चिन्तन मात्र हुन सक्छ ।

पुरानो र पिछडिएको प्रतिगामी सोच र चिन्तनको विकल्प झन् पुरानो र झन् पिछडिएको, थोत्रिएको र लत्रिएको सोच र चिन्तन हुनै सक्दैन; त्यसको विकल्प अग्रगामी सोच र चिन्तन मात्र हुन सक्छ । गलत पात्र र प्रवृत्तिको विकल्प झन् गलत पात्र र प्रवृत्ति हुन सक्दैन; त्यसको विकल्प सही पात्र र सही प्रवृत्ति हो । गलत राज्य व्यवस्थाको विकल्प झन् गलत राज्य व्यवस्था होइन, त्यसको विकल्प उचित र वैज्ञानिक राज्य व्यवस्था हो । सामन्तवादको विकल्प दास युग हुन सक्दैन, त्यसको विकल्प पुँजीवाद हो । पुँजीवादको विकल्प सामन्तवाद हुन सक्दैन, त्यसको विकल्प समाजवाद हो । गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन, त्यसको विकल्प समाजवादी जनगणतन्त्र हो ।

आज संसद्को पहिलो र दोस्रो दल नेपाली कांग्रेस र नेकपा (एमाले) सरकारमा छन् तर उनीहरूले देश, जनता र गणतन्त्रको पक्षमा सकारात्मक सन्देश दिन सकिरहेका छैनन् । देश, जनता र गणतन्त्रले यिनीहरूबाट भोलिका निम्ति पनि केही आशा, अपेक्षा गरेको देखिँदैन । किनकि देश, जनता र गणतन्त्रको पक्षमा हिजो पनि उनीहरूको उल्लेख्य भूमिका थिएन ।

कथित राष्ट्रिय मेलमिलापको नीतिअन्तर्गत राजतन्त्र मान्ने सर्तमा नेपाली कांग्रेसका तत्कालीन सभापति विश्वेश्वरप्रसाद कोइराला २०३३ पुस १६ मा भारतबाट नेपाल फर्केका थिए । नेपाल फर्किने क्रममा उनले भनेका थिए, राजाको टाउको र मेरो टाउको एउटै अचानोमा छ । नेपालमा कम्युनिस्टहरू बढिरहेकोतिर लक्षित गर्दै उनको भनाइ थियो– नेपालमा राजतन्त्र र प्रजातन्त्र दुवै खतरामा छन् । उनले राजतन्त्र र प्रजातन्त्र एकअर्काको पूरक भन्दै राजतन्त्रबिना प्रजातन्त्र रहन नसक्ने र प्रजातन्त्रबिना राजतन्त्र रहन नसक्ने तर्क गरेका थिए । नेपाली राजतन्त्रको पछिल्लो चरणमा शेरबहादुर देउवा सरकारको विरुद्धमा ज्ञानेन्द्र शाहको कु र त्यसपश्चात् पुनः शेरबहादुर देउवालाई नै प्रधानमन्त्री नियुक्त गरेलगत्तै प्रतिगमन पूरै सच्चियो भन्ने सिंगो नेपाली कांग्रेस र देउवाको अभिव्यक्तिले नेपाली कांग्रेसको तत्कालीन राजतन्त्रप्रतिको दृष्टिकोणलाई प्रस्ट पारेकै थियो ।

पुरानो राज्य व्यवस्थाका सत्तासीन वर्ग जबजब सत्ताबाट फ्याँकिन्छ; तबतब उसले आफ्नो पुरानो सत्ता र व्यवस्था पुनरागमनका निम्ति लामो समयसम्म टाउको उठाइरहन्छ । तर जबजब ती पश्चगामी टाउकाहरू उठिरहन्छन्; तबतब अग्रगामी जनताले तिनलाई कहिल्यै नउठ्ने गरी पैतालामुनि किचिदिन्छन् ।

२०६२/०६३ को जनआन्दोलनको बेला गणतन्त्रको पक्षमा जनलहर सिर्जना भइरहँदा बिस्तारै नेपाली कांग्रेसको मन गणतन्त्रतिर आकर्षित भइरहेको अवस्थामा पनि नेकपा (एमाले) राजतन्त्रको पक्षमा अडिग देखिन्थ्यो । देउवाको पुनर्स्थापनालाई उसले प्रतिगमन आधा सच्चिएको दाबी गर्दै प्रधानमन्त्रीका निम्ति दरखास्त दिन राजदरबार धाइरहन्थ्यो । त्यति नै बेला कमरेड केपी ओली एउटा सिद्धान्त प्रतिपादन गर्दै भन्थे, 'नेपालमा गणतन्त्र स्थापना गर्न सकिन्छ भन्नु र बयलगाडा चढेर अमेरिका पुग्न सकिन्छ भन्नु उस्ताउस्तै हो ।'

यी तथ्यका आधारमा भन्न सकिन्छ, हिजो गणतन्त्र स्थापना गर्दा नेपाली कांग्रेस र नेकपा (एमाले) को भूमिका स्पष्ट थिएन । जनता र जनआन्दोलनको आँधीबेरीले उनीहरूलाई गणतन्त्रको घेराभित्र जबर्जस्त धकेलिदिएको मात्र हो । तसर्थ आज गणतन्त्रप्रति उनीहरूको प्रतिबद्धता कस्तो छ ? भोलि गणतन्त्रमाथि आक्रमण भइरहँदा त्यसको रक्षार्थ उनीहरूको भूमिका कस्तो रहन्छ ? कुनै दिन गणतन्त्र र राजतन्त्रबिच फेरि एकपटक निर्णायक लडाइँ भइहाल्यो भने उनीहरू के गर्लान्, यसै भन्न सकिने स्थिति छैन । तथापि नेपाली कांग्रेस र नेकपा (एमाले) लाई पनि सहभागी गराएर गणतन्त्रवादी मोर्चा बलियो बनाउनका निम्ति माओवादी लगायत गणतन्त्रवादीहरू सधैँ लचिलो हुनु आजको आवश्यकता हो ।

राजावादी आन्दोलनको मुख्य मक्सद गणतन्त्रलाई विस्थापित गरेर राजतन्त्र पुनर्स्थापना गर्नु हो । राजतन्त्र पुनर्स्थापना गर्नु भनेको पछाडि फर्किनु हो, आजको भन्दा पनि झन् गलत राज्य व्यवस्था पुनर्स्थापना गर्नु हो ।

गणतन्त्रको एजेन्डा माओवादीको हो । गणतन्त्र स्थापनाका निम्ति माओवादीका हजारौं नेता तथा कार्यकर्ता सहिद भएका हुन् । गणतन्त्र ल्याउनकै लागि कैयौं माओवादी कार्यकर्ता अङ्गभङ्ग अवस्थाका जिउँदा सहिद भएका छन्; हजारौं नेता तथा कार्यकर्ता बेपत्ता छन्; हजारौं नेता तथा कार्यकर्ताले आफ्ना व्यक्तिगत जीवन बर्बाद पारेका छन् । तसर्थ हिजो नेपालमा गणतन्त्र स्थापनाका निम्ति सबभन्दा बढी योगदान माओवादीकै थियो भन्ने कतै लुकेको र छिपेको होइन । आज त्यसको रक्षा र आवश्यकता अनुसार विकास गर्ने मुख्य दायित्व पनि माओवादीकै हो । माओवादीका पनि कैयौं कमी-कमजोरी र सीमा छन् । यसबारे स्वयं माओवादीभित्रै बहस र छलफल चलिरहेका छन् । कैयौं कमी-कमजोरी र सीमाका बाबजुद पनि माओवादीको विकल्प माओवादी नै हो, किनकि गणतन्त्रको रक्षा र विकास गर्दै मुलुकको आमूल परिवर्तन गर्ने शक्ति माओवादी नै हो । माओवादी भन्दा क्रान्तिकारी शक्ति आज नेपालमा अर्को छँदै छैन, हुनै सक्दैन ।रातोपाटी

# प्रधानमन्त्री ओली थाइल्यान्डमा



बैंकक। प्रधानमन्त्री केपी शर्मा ओली थाइल्यान्डको औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक)को छैटौँ शिखर सम्मेलनमा भाग लिने क्रममा मंगलबार थाइल्यान्डको बैंकक आइपुग्नु भएको छ।

प्रधानमन्त्री ओली मंगलबार साँझ स्थानीय समय अनुसार ६.१५ बजे बैंकक आइपुग्नुभएको हो । उहाँलाई सुवर्णभूमि अन्तरराष्ट्रिय विमानस्थलस्थलको विशिष्ट कक्षमा थाइल्यान्डका उपप्रधानमन्त्री एवं यातायातमन्त्री सुरिया जङ्गाउनग्रेङकिट, संस्कृति तथा खेलकुदमन्त्री सोरावोङ थेनबोङ र थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वली, नेपालका लागि थाइल्यान्डका राजदूत सावापोङ सिरिसोर्नसहितले स्वागत गर्नुभयो।

थाइल्यान्डका प्रधानमन्त्री पे थोङ् थान् शिनावातको मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट पहिलो पटक थाइल्यान्डको औपचारिक भ्रमण भएको हो।

प्रधानमन्त्री ओलीको भ्रमण दलमा प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक-विकास सल्लाहकार डा युवराज खतिवडा, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईलगायत हुनुहुन्छ।

**प्रधानमन्त्रीको थाइल्याण्ड भ्रमणः द्विपक्षीय सम्बन्ध अझ सुदृढ हुने विश्वास**

पर्यटन, व्यापार र शिक्षा क्षेत्रमा सहकार्यका साथै बौद्ध संस्कृति एवं परम्पराले निकट बनाएको नेपाल र थाइल्याण्डबीचको मैत्रीपूर्ण सम्बन्ध प्रधानमन्त्री केपी शर्मा ओलीको भोलिदेखि प्रारम्भ हुने थाइल्याण्डको औपचारिक भ्रमणबाट अझ सुदृढ हुने अपेक्षा गरिएको छ।

नेपाल र थाइल्याण्डबीच सरकारी तहमा मात्र नभई जनस्तरमासमेत घनिष्ठ सम्बन्ध छ। थाइल्याण्डमा नेपाली मूलका करिब ८० हजार नागरिकको बसोबासले पनि दुई देशबीचको अनुपम सम्बन्धलाई झल्काउँछ।

सांस्कृतिक तथा सभ्यताका मूल्यमान्यताले जोडिएको थाइल्याण्डसँगको नेपालको सम्बन्ध आपसी सद्भाव र समझदारीमा आधारित छ । सन् १९५९ नोभेम्बर ३० मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि यो अझ सुमधुर बन्दै गएको छ। भगवान् बुद्धका उपदेश र त्यसबाट विकास भएका मूल्य-मान्यता नेपाल र थाइल्याण्डका जनतालाई आपसमा जोड्ने एक प्रमुख कडिका रुपमा रहेका छन् । थाइल्याण्डका जनताका लागि भगवान् बुद्धको जन्मस्थल लुम्बिनी पवित्र तीर्थस्थल हो । पारस्परिक सम्बन्धलाई धार्मिक रुपमा सबल बनाउन लुम्बिनीमा थाइल्याण्ड सरकारले बौद्ध विहार पनि निर्माण गरेको छ।

राजा जनक र जनकपुरप्रति थाइ जनताको अगाथ आस्था र श्रद्धा रहेको पाइन्छ । पछिल्लो समय पर्यटन, सामुद्रिक क्षेत्रको अवलोकन, अध्ययन र व्यापारका लागि थाइल्याण्ड जाने नेपालीको सङ्ख्या बढ्दो रहेको व्याङककस्थित नेपाली राजदूत धनबहादुर ओलीले बताउनुभयो।

नेपाल र थाइल्याण्डबीचको व्यापारिक आदानप्रदानले पनि दुई देशबीचको सम्बन्धलाई सघन बनाउन सघाएको छ। थाई नागरिकले नेपालको उत्पादन तथा पर्यटन उद्योगमा लगानी गरेका छन् । यद्यपि थाइल्याण्डसँगको हाम्रो व्यापार घाटामा छ । नेपालबाट जडीबुटी, हस्तकलाका सामान, छुर्पी, नेपाली कागज, अल्लोका कपडा निर्यात हुन्छन् भने थाइल्याण्डबाट विद्युतीय उपकरण, मोटरकारलगायत सवारी साधानका सामान, तयारी पोशाक र फलफूल आयत हुँदै आएको छ।

थाई नागरिक नेपालको भ्रमणमा पनि आउने गरेका छन् । सन् २०२३ मा २५ हजारभन्दा बढी थाई पर्यटक नेपाल आएका थिए। रासस

> **थाइल्यान्डका प्रधानमन्त्री पे थोङ् थान् शिनावातको मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट पहिलो पटक थाइल्यान्डको औपचारिक भ्रमण भएको हो ।**

## मन्त्रिपरिषद्का निर्णय :

# प्रदर्शनका क्रममा घाइते भएकाको निःशुल्क उपचार

**सरकारले उक्त प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै सो क्रममा घाइते भएकाको शीघ्र स्वास्थ्यलाभको कामनासहित उक्त प्रदर्शनका क्रममा घाइते हुनेको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने निर्णय गरेको छ ।**



काठमाण्डु । सरकारले धुलिखेल अस्पताल ट्रमा तथा आपतकालीन सेवा केन्द्र सुधार परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी ऐन ५७ करोड ३० लाख अनुदान सहायता प्राप्त गर्ने भएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यही चैत १८ को मन्त्रिपरिषद्का निर्णयहरू सावर्जनिक गर्दै उक्त जानकारी दिनुभएको हो।

सरकारले आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा स्वीकृत गर्ने, आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको हिस्साको अनुमानित रकम स्वीकृत गर्ने र आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान रकम स्वीकृत गर्नेसमेत निर्णय रहेको छ।

सरकारले नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा चुडामणि चापागाईँलाई नियुक्त गर्ने निर्णय गरे छ। आगामी वैशाख २२ गतेदेखि २६ गतेसम्म स्वीट्जरल्याण्डको बाजलमा सञ्चालन हुने 'डिलिङ विथ द पास्ट एड्भान्सड कोर्स' विषयक कार्यक्रममा सहभागिता जनाउन सत्यनिरूपण तथा मेलमिलाप आयोगका सचिव पारावर ढुङ्गाना र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव खेमराज ज्ञवालीलाई स्वीकृति दिएको छ। त्यसैगरी यही चैत २६ र २७ गते नेपालमा आयोजना हुने बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) को कृषि मन्त्रिस्तरीय र कृषिसम्बन्धी उच्च पदाधिकारीहरूको तेस्रो बैठक कार्यक्रममा सहभागी हुन कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, सचिव (कृषि विकास) डा गोविन्दप्रसाद शर्मा र सचिव (पशुपन्छी विकास) डा राजेन्द्रप्रसाद मिश्रलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारले निर्णय गरेको छ।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको कार्यकारी निर्देशक पदमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ डा प्रधुम्नराज पाण्डे नियुक्त हुनुभएको छ । परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानसम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने एवं नेपाल सरकारका नाममा दर्ता रहेको लमजुङ जिल्ला साविक सुन्दरबजार गाविस वडा नं ९ को १५ रोपनीभन्दा बढी सार्वजनिक जग्गा सुन्दरबजार अस्पतालको भवनलगायत भौतिक संरचना निर्माण गर्न सुन्दरबजार नगरपालिका लमजुङलाई उपयोग गर्न स्वीकृति दिइएको छ।

आगामी वैशाख २ गतेदेखि ४ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने २०२५ एडिसन अफ इसिओएसओसी युथ फोरम कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजु लाल चौधरीलाई सहभागी हुन स्वीकृति दिइएको छ।

नेपाली सेना, सैनिक साधारण सेवाका एक जना सहायक रथीको सरुवा गर्ने, माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको २२० केभी विद्युत् प्रसारणलाइन आयोजना निर्माणका लागि रसुवाको उत्तरगया गाउँपालिका वडा नं १ मा रहेको राष्ट्रिय वनको २ दशमलव ७६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने र यही चैत २४ मा दक्षिण कोरियाको राजधानी सिओलमा गैरआवासीय नेपाली सङ्घ, दक्षिण कोरियाले आयोजना गर्ने एकता महाधिवेशनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको छ।

संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा आगामी वैशाख ८ गतेदेखि आयोजना हुने 'ट्वान्टी-फोर्थ सेसन अफ द युनाइटेड नेसन्स प्रमानेन्ट फोरम ओन इन्डियिनयस इशु (युएन-पिएफआइआई)' मा सहभागी हुन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गरिएको छ।

त्यसैगरी यही चैत २५ गतेदेखि २९ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा सञ्चालन हुने कमिसन ओन पपुलेसन एण्ड डेभलोपमेन्ट(सिपिडी) को बैठकमा सहभागिताका लागि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्ले निर्णय रहेको छ।

त्यसैगरी यही चैत १५ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू पनि मन्त्री गुरुङले सार्वजनिक गर्नुभएको थियो। सरकारले चैत १५ गतेका दिन पूर्वराजाका समर्थकहरूद्वारा काठमाडौँको तीनकुने र आसपासका क्षेत्रमा भएको अराजक प्रदर्शनका क्रममा निजी, सार्वजनिक एवं सरकारी सम्पत्ति, अस्पताल, सवारीसाधन, राजनीतिक दलका कार्यालय तथा सञ्चार गृहहरूमा भएको आक्रमण, आगजनी र तोडफोड एवं अन्तरराष्ट्रिय विमानस्थल जस्तो संवेदनशील क्षेत्रमा हिंसात्मक गतिविधि गरी आतङ्क फैलाउने, घरभित्र मानिस भएको अवस्थामा ढुङ्गामुढा, आगजनी र मानिसको ज्यान जानेगरी अमानवीय र गैरकानुनी कार्य गर्ने, तोडफोड र लुटपाट गर्नेजस्ता कार्य भएकामा सरकारले घोर भर्त्सना गरेको छ।

सरकारले उक्त प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै सो क्रममा घाइते भएकाको शीघ्र स्वास्थ्यलाभको कामनासहित उक्त प्रदर्शनका क्रममा घाइते हुनेको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने निर्णय गरेको छ। उक्त घटनाका सम्बन्धमा सत्यतथ्य छानविन गरी दोषीउपर कारबाही गर्न र आगामी दिनमा यस किसिमको घटना हुन नदिने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ।रासस

# हिउँदे अविधेशनबाट पाँच विधेयक पारित



काठमाण्डु। प्रतिनिधिसभाको चालु पाँचौँ अधिवेशनबाट विभिन्न पाँच विधेयक पारित भएका छन् । माघ १८ गतेदेखि सञ्चालन भएको अधिवेशनमा प्रतिनिधिसभामा १२ वटा सरकारी र एउटा गैरसरकारी विधेयक दर्ता भएका थिए।

त्यसमध्ये पाँचवटा विधेयक सङ्घीय संसद्का दुवै सभाबाट पारित भएका छन् भने चारवटा विधेयक समितिमा विचाराधीन छन्। तीनवटा विधेयक सदनसमक्ष प्रस्तुत मात्र भएका छन्। अधिवेशनको प्रारम्भमा प्रतिनिधिसभामा पेस भएका छ विधेयकमध्ये 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित भए।

यो 'निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' र 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित भएको छ।सदनमा 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पेस मात्र भयो । 'जाति, रङ्ग, क्षेत्र, वेशभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसुर र सजाय)' सम्बन्धी गैरसरकारी विधेयक दर्ता भएको छ।

सभाको पहिलो, दोस्रो, तेस्रो र चौथो अधिवेशनबाट सरकारी र गैरसरकारी गरी पेस भएका १३ वटा विधेयकमध्ये 'संवैधानिक परिषद् (काम, कर्तव्य र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक' प्रतिनिधिसभाबाट पारित भएको छ। 'जलस्रोत विधेयक'सम्बन्धी समितिको प्रतिवेदन सभामा प्रस्तुत भएको छ । 'बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक' राष्ट्रियसभाबाट फिर्ता भई प्रतिनिधिसभामा टेबुल भएको छ। आठ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन छन्।

चालू अधिवेशनमा राष्ट्रियसभामा उत्पत्ति भएका चार वटा विधेयक सभामा प्राप्त भएकामा दुई वटा सम्बन्धित समितिमा पठाइएको छ । 'नेपाल कानून व्यवसायी परिषद् (पहिलो संशोधन) विधेयक' माथिको सैद्धान्तिक छलफल टुङ्गिएको छभने र 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक' प्रस्तुत भएको छ।

अघिल्ला अधिवेशनमा राष्ट्रियसभाबाट प्राप्त सात वटा विधेयकमध्ये चार वटा पारित भएका छन् । 'शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक'सम्बन्धी समितिको प्रतिवेदन सदनमा पेस भएको छ भने 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक' सम्बन्धित समितिमा विचाराधीन छ।रासस

# 'कार्यान्वयनयोग्य बजेट ल्याउनेतर्फ सरकारको ध्यान केन्द्रित छ'



काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कार्यान्वयनयोग्य र यथार्थपरक बजेट ल्याउनेतर्फ सरकारको ध्यान केन्द्रित रहेको बताउनुभएको छ।

आगामी आर्थिक वर्षको बजेट निर्माणबारे श्रम, रोजगार तथा सामाजिक मन्त्रालयसँगको छलफलका क्रममा उहाँले वितरणमुखी नभई यथार्थपरक र कार्यान्वयनयोग्य योजना तथा कार्यक्रम तर्जुमा गर्न सुझाउनुभयो । उहाँले श्रम, सीप, रोजगारी र उत्पादनलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै वितरणमुखी बजेटले उचित प्रतिफल नदिने बताउनुभयो । अर्थमन्त्रीले सामाजिक सुरक्षासँग जोडिएका कार्यक्रमलाई गम्भीर रुपमा समीक्षा गर्न जरुरी भएको उल्लेख गर्दै विभिन्न मन्त्रालय र निकायका कार्यक्रमलाई एकीकृत गर्नुपर्नेमा जोड दिनुभयो।

छलफलमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विप्रेषणलाई अझ बढी व्यवस्थित गर्न जरुरी रहेको धारणा व्यक्त गर्दै वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप सदुपयोग र आन्तरिक रोजगारीका लागि प्राथमिकता दिनुपर्ने बताउनुभयो।

प्रधानमन्त्री रोजगार कार्यक्रमको समीक्षा तथा सीप विकासलाई प्राथमिकता दिनुपर्नेलगायत विषयमा छलफल भएको थियो।रासस


मधेश प्रदेश सरकार

**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**

**पर्यटन विकास कार्यालय**

**गौर, रौतहट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सच्याइएको सम्बन्धमा**

सूचना प्रकाशित मिति : २०८१/१२/१९

यस कार्यालयको मिति २०८१/१२/१७ गतेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा तपसील अनुसार हुनु पर्ने अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

तपसील

| S. N. | Tender No. | Contract No./Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|---|
| 1. | TDO/NCB/W/21/2081/082 | Kabir Math Antargat Bhue Dhalan Karya, Braham Sthan ma Compound Wall, Hanuman Mandir Nirman Karya, Maulapur Na.pa. | NEHA LAXMI CONSTRACTION | 3783132.75 |

नि.कार्यालय प्रमुख



**Mithila Bihari Municipality**

**Office of the Municipal Executive**

**Tarapatti, Dhanusha**

**Madhesh Province, Nepal**

**Notice for the Letter of Intent(LOI)**

First Date of publication: 2nd April 2025 A.D. (2081/12/20)

This is to notify to all Concerned bidders that, it is our intention to award the contract for execution of construction of unfinished laliya ma.vi. building in laliya, ward no.-05, Mithila bihari municipality to the following substantially responsive lowest evaluated bidders. Corresponding Lowest Evaluated Substantially Responsive Bid is selected in accordance with 1TB 32.1 of bidding document and this notice is published as per PPA 2063 clause 27.2 & 27.3

| S. No. | Name of Contract | Contract identification no. | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount in NRs.( exclusive VAT&PS) |
|---|---|---|---|---|
| 1 | Construction of unfinished laliya ma.vi. building in laliya, ward no.-05, Mithila bihari municipality | 01/01/2081-82/NCBW/BW/MBM | Ma Janaki Construction and Suppliers Pvt Ltd., Mithila Bihari- 10, Dhanusha | 3,532,168.05 |

**Chief Adminstrative Officer**

# समयसीमा नजिकिँदै जाँदा भन्सार शुल्कमा 'दयालु' हुने ट्रम्पको भनाइ

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार विश्वभर अशान्ति निम्त्याउने जोखिम उठाउँदै आफूले भनेका अनुचित व्यापार असन्तुलनहरूलाई सम्बोधन गर्न यस हप्ता थप करहरू घोषणा गर्दा व्यापारिक साझेदारहरूप्रति 'धेरै दयालु' हुने बताउनुभएको छ ।

जनवरीमा पदभार ग्रहण गरेदेखि नै राष्ट्रपति शक्तिको अभूतपूर्व प्रयोग गर्दै आउनुभएका ट्रम्पले मङ्गलबार राति नै ठ्याक्कै कस्ता 'पारस्परिक भन्सार शुल्क' लगाइनेछ भनेर घोषणा गर्नसक्ने बताउनुभयो ।

रिपब्लिकन अर्बपति ट्रम्पले विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रलाई 'विश्वका हरेक देशले लुटेका' ले पारस्परिक कार्य आवश्यक रहेको कुरामा जोड दिनुभएको छ र संयुक्त राज्य अमेरिकाका लागि 'मुक्ति दिवस' को प्रतिज्ञा गरिरहनुभएको छ ।

तर उहाँले सोमबार पत्रकारहरूलाई भन्नुभयो, "हामी धेरै राम्रो हुनेछौँ, तुलनात्मक रूपमा हामी धेरै दयालु हुनेछौँ ।"

आलोचकहरूले यो रणनीतिले विश्वव्यापी व्यापार युद्धको जोखिम उठाउने, चीन, क्यानाडा र युरोपेली सङ्घ (इयु) जस्ता प्रमुख व्यापारिक साझेदारहरूको प्रतिशोधको शृङ्खला प्रतिक्रिया उत्पन्न गर्ने चेतावनी दिएका छन् ।

यसअघि नै चीन दक्षिण कोरिया र जापानले आपसमा स्वतन्त्र व्यापारलाई बलियो बनाउन सहमति जनाएका छन् ।

तर ट्रम्पले टिकटकमा सम्झौता पनि चिनियाँ करसँग जोडिएको हुनसक्छ भन्दै उहाँको कार्यले सहयोगीहरूलाई बेइजिङतर्फ धकेल्नेछ भनेर चिन्तित नभएको बताउनुभयो ।

ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले बुधबार 'देशमा आधारित कर' घोषणा गर्ने लक्ष्य रहेको बताउनुभयो । यद्यपि ट्रम्प छुट्टै, क्षेत्र-विशिष्ट करहरू लगाउन प्रतिबद्ध हुनुहुन्छ ।



अनिश्चितताले प्रमुख युरोपेली र एसियाली सूचकाङ्कहरू कममा बन्द भएको बजारलाई झट्का दिएको छ, यद्यपि डाउ र व्यापक-आधारित एस एन्ड पी ५०० ले लाभ कमाएका छन् ।

आइतबार ट्रम्पले आफ्नो करहरूमा 'सबै देश' समावेश हुने बताउनुभएपछि बजार 'नर्भसनेस' तीव्र भएको थियो ।

वाल स्ट्रिट जर्नलले सल्लाहकारहरूले लगभग सबै अमेरिकी व्यापारिक साझेदारहरूलाई असर गर्न २० प्रतिशतसम्म विश्वव्यापी कर लगाउने विचार गरेको बताएको छ । आफ्नो कर अमेरिकी उत्पादनहरूमाथि पहिले नै लगाइएका करहरूभन्दा 'धेरै उदार' हुने भन्दै ट्रम्प अस्पष्ट रहनुभएको छ ।

**आर्थिक पीडा**

करहरूमाथि ट्रम्पको निर्धारणले अमेरिकी मन्दीको डरलाई बढाइरहेको छ । गोल्डम्यान स्याक्स विश्लेषकहरूले आफ्नो १२-महिने मन्दीको सम्भावना २० प्रतिशतबाट ३५ प्रतिशतमा बढाएका छन् ।

यसले 'न्यून वृद्धिको पूर्वानुमान, घट्दो विश्वास र ह्वाइट हाउस अधिकारीहरूबाट आर्थिक पीडा सहन इच्छुकता सङ्केत गर्ने बयानहरू' लाई प्रतिबिम्बित गर्दछ । गोल्डम्यान स्याक्सले सन् २०२५ को अन्त्यमा अन्तर्निहित मुद्रास्फीतिको पूर्वानुमान पनि बढाएको छ ।

चीन र क्यानाडाले अमेरिकी सामानहरूमा प्रतिशोधात्मक कर लगाएका छन् भने युरोपेली सङ्घ (इयु) ले अप्रिलमा सुरु हुने आफ्नै उपायहरू घोषणा गरेको छ । भियतनामले कार, तरलीकृत ग्यास र केही कृषि उत्पादनलगायत विभिन्न वस्तुमा आयात कर कटौती गरेको बताएको छ ।

जापानले अमेरिकी करबाट प्रभावित व्यवसायहरूका लागि करिब एक हजार 'परामर्श केन्द्र' स्थापना गर्ने बताएको छ ।

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) प्रमुख क्रिस्टालिना जर्जिवाले सोमबार रोयटर्सको कार्यक्रममा ट्रम्पको करहरूले अहिलेका लागि चिन्ता पैदा गरिरहेको तर तिनीहरूको विश्वव्यापी आर्थिक प्रभाव नाटकीय हुनु पर्दैन भन्नुभयो ।

अक्सफोर्ड इकोनोमिक्सका रायन स्वीटले ट्रम्पले 'केही ठूला अपराधीलाई लक्षित गर्ने' अनुमान गर्दै 'अनपेक्षित अपेक्षा गर्न' भन्नुभयो ।

पारस्परिक देश करहरू बाहेक ट्रम्पले औषधि र सेमिकन्डक्टर जस्ता अतिरिक्त क्षेत्र-विशिष्ट करहरू पनि घोषणा गर्नसक्ने सम्भावना रहेको छ । उहाँले पहिले नै अटो करहरू बिहीबारबाट प्रभावकारी हुने घोषणा गर्नुभएको थियो ।

अर्थशास्त्रीहरूले आगामी प्रहारले संयुक्त राज्य अमेरिकासँग निरन्तर व्यापार असन्तुलन भएका १५ प्रतिशत साझेदारहरूलाई लक्षित गर्नसक्ने अपेक्षा गरेका छन् । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले ती साझेदारलाई 'डर्टी १५' समूह भन्नुभएको छ ।

संयुक्त राज्य अमेरिकाको चीन, इयु, मेक्सिको, भियतनाम, ताइवान, जापान, दक्षिण कोरिया, क्यानाडा र भारतसँग आफ्नो सबैभन्दा ठूलो वस्तु घाटा छ ।

**अस्तित्वको क्षण**

अमेरिकी व्यापार साझेदारहरू आफ्नो जोखिम कम गर्न हतारिरहेका छन् । समाचारहरूले भारतले केही करहरू कम गर्नसक्ने सङ्केत गरेका छन् ।

युरोपेली केन्द्रीय बैंक (इसिबी) का अध्यक्ष क्रिस्टिन लागार्डले सोमबार फ्रान्स इन्टर रेडियोलाई 'अस्तित्वको क्षण' को सामना गरिरहेको युरोपले आर्थिक स्वतन्त्रताको दिशामा अघि बढ्नुपर्ने बताउनुभयो ।

छुट्टै बेलायती प्रधानमन्त्री किर स्टार्मरले ट्रम्पसँग बेलायत-अमेरिका व्यापार सम्झौतातर्फ 'उत्पादक वार्ताहरू' मा कुरा गर्नुभयो भने जर्मन चान्सलर ओलाफ स्कोल्जले इयुले ट्रम्पप्रति दृढतापूर्वक प्रतिक्रिया दिने तर सम्झौताका लागि खुला रहेको बताउनुभयो ।

अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयकी पूर्व अधिकारी ग्रेटा पिस्चले नयाँ करहरू द्रुत रूपमा घटाउन वा रोक्न 'पूर्ण रूपमा सम्भव' छ भन्नुभयो ।

फेब्रुअरीमा उत्तर अमेरिकी छिमेकीहरूले वार्ता गर्न थालेपछि वासिङ्टनले मेक्सिको र क्यानाडाको आयातमा लगाइएको भारी कर एक महिनाका लागि रोकेको थियो ।

# मुम्बईको पहिलो जित



एजेन्सी

मुम्बई इण्डियन्सले इण्डियन प्रिमियर लिग (आइपिएल) २०२५ मा पहिलो जित हासिल गरेको छ ।

मुम्बईले सोमवार कोलकता नाइट राइडर्सलाई ८ विकेटले हराएको छ । १ सय १७ रनको लक्ष्य मुम्बईले १२.५ ओभरमा २ विकेट गुमाएर पूरा गर्यो ।

मुम्बईको जितमा ओपनर रायन रिकल्टनले ४१ बलमा ४ चौका र ५ छक्काको सहयोगमा सर्वाधिक ६२ रनमा अविजित रहे । विल ज्याक्स १७ बलमा १६ र रोहित शर्मा १२ बलमा १३ रनमा आउट भए ।

सूर्यकुमार यादव ९ बलमा ३ चौका र २ छक्काको सहयोगमा २७ रनमा अविजित रहे । कोलकाताका लागि दुवै विकेट आन्द्रे रसेलको नाममा रह्यो ।

त्यसअघि मुम्बईको घरेलु मैदान वान्खडेमा टस हारेर ब्याटिङको निम्तो पाएको कोलकाता १६.२ ओभरमा १ सय १६ रन बनाउँदै अल आउट भयो ।

कोलकाताका लागि अंगकृष्ण रघुवंशीले १६ बलमा ३ चौका र १ छक्काको सहयोगमा सर्वाधिक २६ रन जोडे । रमनदिप सिंहले १२ बलमा १ चौका र २ छक्काको सहयोगमा २२ रनमा बनाए ।

मनिष पाण्डे १४ बलमा १९, रिकु सिंह १४ बलमा १७ तथा कप्तान अजिक्या राहाणे ७ बलमा ११ रन जोड्दै आउट भए ।

ओपनर सुनिल नारायणले रनको खाता खोल्न नसक्दा अर्का ओपनर क्विटन डि कक १ रनमा आउट भए । आन्द्रे रसल ५ तथा वेंकटेस अयूयर ३ रनमा पेभिलियन फर्के ।

कोलकाताको ब्याटिङ ध्वस्त बनाउँने क्रममा यसै खेलमा डेब्यु गरेका अश्विनी कुमारले ३ ओभरमा २४ रन खर्चिएर ४ विकेट लिए ।

बोल्टले पहिलो ओभरमा नै १ विकेट लिए । मिचेल सान्टनर, हार्दिक पाड्ण्या र विग्नेस पथुरले समान १ विकेट लिए ।

पहिलो जित हात पारेको मुम्बई ३ खेलमा २ अंकका साथ छैठौं स्थानमा उक्लिएको छ । मुम्बई यसअघि चेन्नई सुपर किंग्स र गुजरात टाइटन्ससँग पराजित भएको थियो ।


कोलकाता ३ खेलमा १ जित र २ हारका साथ अंक तालिकाको पुछारमा झरेको छ । रोयल च्यालेन्जर्स बेंगलुरुसँगको पराजित भएको कोलकाताले राजस्थान रोयल्सलाई हराएको थियो ।

# असामान्य रूपमा तातो ग्रीष्म ऋतु आउने भारतीय मौसम पूर्वानुमानकर्ताहरूको चेतावनी

एएफपी

नयाँदिल्ली । भारतमा यस गर्मीमा सामान्यभन्दा बढी तापक्रम हुने अपेक्षा गर्न सकिने र गर्मीका अधिक दिनहरूले जीवन र जीविकोपार्जनमा प्रभाव पार्ने मौसम कार्यालयले चेतावनी दिएको छ ।

देश तातो गर्मीका लागि अपरिचित छैन तर वर्षौंको वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनले तातो छालहरू लामो, अधिक बारम्बार र अधिक तीव्र हुँदै गइरहेको पत्ता लगाएको छ ।



भारतमा ग्रीष्म ऋतु अप्रिलदेखि जुनसम्म रहन्छ । यो अवधिमा मौसमको उच्च तापक्रम प्रायः ४५ डिग्री सेल्सियस (११३ डिग्री फरेनहाइट) नाघेको हुन्छ ।

यस वर्ष गर्मी मौसममा देशका अधिकांश भागमा सामान्यभन्दा माथि अधिकतम तापक्रम देखिने भारतीय मौसम विभाग (आइएमडी) ले सोमबार राति एक पूर्वानुमानमा भनेको छ ।

जब असामान्य रूपमा उच्च तापक्रम दीर्घकालीन औसतभन्दा धेरै डिग्री रेकर्ड गरिन्छ गर्मी लहरका दिनहरूको सङ्ख्या पनि बढ्नेछ ।

"विशेष गरी पूर्वी भारतमा १० दिन वा सोभन्दा बढी गर्मीको लहर आउने अपेक्षा गर्न सकिन्छ र यसले गर्मीको तनाव निम्त्याउँछ", मौसम ब्युरोका प्रमुख मृत्युञ्जय मोहपात्राले पत्रकारहरूलाई भन्नुभयो ।

भारतमा सामान्यतया अप्रिल र जुनको बीचमा चारदेखि सातवटा गर्मीको लहरको अनुभव हुन्छ ।

शिशु, वृद्ध, स्वास्थ्य समस्या भएका मानिस र बाहिरी कामदारहरू विशेष गरी उच्च तापक्रमको जोखिममा छन् ।

परिणामस्वरूप हुने गर्मीको तनावले चक्कर आउने र टाउको दुख्नेदेखि लिएर अङ्गको विफलता र मृत्युको लक्षणहरू निम्त्याउन सक्छ ।

कङ्क्रिट, ईंटा र अन्य गर्मी सोस्ने सतहहरूले घेरिएका सहरवासीहरू पनि उच्च जोखिममा छन् ।

चरम गर्मीको लामो अवधिले विद्युतीय ग्रिड र यातायात प्रणाली जस्ता पूर्वाधारमा पनि दबाब दिन सक्छ ।

आइएमडीले ती चुनौतीलाई सम्बोधन गर्न गर्मी कार्ययोजनाहरू तयार गर्नुपर्ने बताएको छ ।

"यसमा शीतलन केन्द्रहरूमा पहुँच प्रदान गर्ने, गर्मीसम्बन्धी सल्लाहहरू जारी गर्ने र प्रभावित क्षेत्रहरूमा सहरी गर्मी द्वीपको प्रभाव कम गर्न रणनीतिहरू कार्यान्वयन गर्ने समावेश छ", आइएमडीले भनेको छ ।

भारतले गत वर्ष आफ्नो हालसम्मकै लामो गर्मी लहरको सामना गरेको थियो । त्यस समयमा तापक्रम नियमित रूपमा ४५ डिग्री सेल्सियस नाघेको थियो ।

विश्व स्वास्थ्य सङ्गठनले हरेक वर्ष कम्तीमा पाँच लाख मानिस गर्मीले मर्ने गणना गरेको छ तर वास्तविक सङ्ख्या त्योभन्दा ३० गुणासम्म बढी हुनसक्ने चेतावनी दिएको छ ।

# बेलायती प्रधानमन्त्रीद्वारा अनियमित आप्रवासन उन्मूलनमा सघाउन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान



क्युएनए

लन्डन । बेलायतका प्रधानमन्त्री किर स्टार्मरले सोमबार अन्तर्राष्ट्रिय समुदायलाई अनियमित आप्रवासन उन्मूलन गर्न र आप्रवासी तस्करी गिरोहहरू भत्काउन सहकार्य गर्न आग्रह गर्नुभएको छ ।

लन्डनले आयोजना गरेको अनियमित आप्रवासन विरुद्ध लड्ने दुई दिवसीय बैठकमा ४० देशका प्रतिनिधिले भाग लिएका थिए ।

शिखर सम्मेलनमा स्टार्मरले एकसाथ काम गरेमा मात्र मानव तस्करी सञ्जालहरू समाप्त गर्न सकिने बताउनुभयो ।

शिखर सम्मेलनमा भियतनाम र इराकजस्ता आप्रवासीहरूको उत्पत्ति देशका प्रतिनिधिहरूका साथै बाल्कन जस्ता पारगमन देशहरूका प्रतिनिधिहरू सहभागी छन् । शिखर सम्मेलनमा बोर्डर फोर्सका प्रमुख, बेलायतमा सीमा नियन्त्रण कार्यहरूका लागि जिम्मेवार निकायका साथै इन्टरपोल, युरोपोल र अफ्रिपोलका प्रतिनिधिहरू पनि सहभागी छन् ।

यो शिखर सम्मेलन युरोपेली सङ्घ (इयु) ले अनियमित आप्रवासीहरूको निष्कासन गतिलाई तीव्र पार्न आफ्नो सीमाभन्दा बाहिर आप्रवासी केन्द्रहरू स्थापना गर्ने विचार गरिरहेको समयमा भएको छ ।

बैठकमा सहभागीहरूले मानव तस्करी सञ्जालहरूले मानिसहरूलाई अवैध रूपमा भित्र्याउन प्रयोग गर्ने उपकरण, पूर्वाधार र जालसाजी कागजातहरू जाँच्नेछन् । उनीहरूले कसरी ती सञ्जालहरू सञ्चालन हुन्छन् र अनलाइनमा आप्रवासीहरूको आकर्षण विरुद्ध लड्न विश्वव्यापी सहमति पुग्नेबारे पनि छलफल गर्नेछन् ।

# पुटिन 'समयका लागि खेल्दै हुनुहुन्छ' : जर्मन विदेशमन्त्री



एएफपी

किएभ । जर्मन विदेशमन्त्री एनालेना बारबकले मङ्गलबार किएभको भ्रमणमा आइपुगेपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा युद्धको वार्तामा 'समयका लागि खेलिरहेको' आरोप लगाउनुभएको छ ।

"युक्रेन तत्काल युद्धविरामका लागि तयार छ । पुटिन नै समयको लागि खेल्दै हुनुहुन्छ, शान्ति चाहनुहुन्न र अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गर्ने उहाँको आक्रमणको युद्ध जारी राखिरहनुभएको छ", बारबकले आफ्नो मन्त्रालयद्वारा साझा गरिएको विज्ञप्तिमा भन्नुभयो ।

"उहाँ वार्ताको इच्छा देखाउँदै हुनुहुन्छ तर आफ्ना लक्ष्यहरूबाट एक इन्च पनि हट्नुहुन्न", बारबकले युद्ध सुरु भएदेखि युक्रेनको आफ्नो नवौं भ्रमणमा भन्नुभयो ।

मार्च ११ मा अग्रिम मोर्चामा सङ्घर्ष गरिरहेको युक्रेनी सेना र संयुक्त राज्य अमेरिकाले रुससँग ३० दिने युद्धविरामको योजनामा सहमति जनाएका थिए । तर पुटिनले अमेरिकी प्रस्ताव अस्वीकार गर्नुभएको छ र युक्रेनमा नयाँ नेतृत्व स्थापना गर्ने मस्कोको चाहनाबारे आफ्नो बयानबाजी बढाउनुभएको छ ।

बारबक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनः निर्वाचनपछि पहिलो पटक किएभ भ्रमणमा आउनुभएको हो । ट्रम्पले द्वन्द्व अन्त्य गर्न युरोपेली नेताहरूमाथि रुससँग सम्पर्क गरेर अमेरिका-युरोप सम्बन्धलाई उथलपुथल गर्नुभएको छ ।

नीतिमा परिवर्तनले नाटो गठबन्धनको भविष्यबारे चिन्ता उत्पन्न गरेको छ र युरोपलाई आफ्नै रक्षा क्षमता बढाउन र युक्रेनलाई आफ्नो समर्थन बढाउनमा केन्द्रित गर्न प्रेरित गरेको छ ।

जर्मनीले परम्परागत रूपमा कडा ऋण नियमहरूलाई सहज बनाउने एउटा ठूलो नयाँ खर्च प्याकेज अपनाएपछि गत मार्चमा युक्रेनलाई तीन अर्ब युरो (तीन अर्ब २५ करोड डलर) को नयाँ सैन्य सहायता स्वीकृत गरेको थियो ।

"संयुक्त राज्य अमेरिका र रुसबीचको गतिरोधलाई ध्यानमा राख्दै हामी युरोपेलीहरूले युक्रेनको पक्षमा उभिएको देखाउनु... र अहिले भन्दा बढी यसलाई समर्थन गर्नु अत्यन्त महत्त्वपूर्ण छ", बारबकले भन्नुभयो ।

सोमबार युक्रेनको बुचा सहरमा स्मरण समारोह आयोजना गरिएको थियो ।

# इजरायली निकासी चेतावनीपछि रफाहका बासिन्दाहरूको भागाभाग

एएनआई

तेल अभिव (इजरायल) । इजरायली सैनिक(आइडिएफ) ले दक्षिणी गाजा सहरका बासिन्दाहरूलाई आफूहरू बसिरहेको स्थान (रफाह) खाली गर्ने आदेश जारी गरे पछि प्यालेस्टिनीहरू भाग्न थालेका छन् ।

"आइडिएफले यी क्षेत्रहरूमा आतङ्कवादी सङ्गठनको क्षमता नष्ट ठूलो शक्तिका साथ लड्न फर्किरहेको छ", आइडिएफका अरबी भाषाका प्रवक्ता कर्नल अविचाय अद्राईले ट्विट गर्नुभएको छ", "आफ्नो सुरक्षाका लागि तपाईं तुरुन्तै अल मवासीको आश्रयमा जानु पर्छ ।"

अक्टोबर ७ मा गाजा सीमा नजिकै इजरायली समुदायहरूमा हमासको आक्रमणमा कम्तीमा एक हजार एक सय ८० जना मारिए र दुई सय ५२ इजरायली र विदेशीहरूलाई बन्धक बनाइयो । बाँकी रहेका ५९ जना बन्धकमध्ये ३६ जनाको मृत्यु भएको अनुमान गरिएको छ ।

# ले पेनमाथिको प्रतिबन्धले लाखौँ मानिसलाई अधिकारबाट वञ्चित गर्छ : इटालीकी प्रधानमन्त्री

एएफपी

रोम । इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले मङ्गलबार फ्रान्सेली अति दक्षिणपन्थी नेता मरिन ले पेनलाई चुनावमा उम्मेदवार हुन लगाइएको प्रतिबन्धको निन्दा गर्दै लाखौं मानिसलाई मताधिकारबाट वञ्चित गरेको बताउनुभएको छ ।


"मलाई मरिन ले पेन विरुद्धको आरोपको गुण वा यस्तो कडा निर्णयको कारण थाहा छैन", इटाली पार्टीको पोस्ट-फ्यासिस्ट ब्रदर्सका नेता मेलोनीले दैनिक इल मेसेगोरोलाई भन्नुभयो, "तर मलाई लाग्छ कि लोकतन्त्रको ख्याल राख्ने कसैले पनि प्रमुख पार्टीका नेतालाई लक्षित गर्ने र लाखौं नागरिकलाई प्रतिनिधित्वबाट वञ्चित गर्ने वाक्यमा खुसी हुन सक्दैन ।"

ले पेनलाई सोमबार उहाँको नेसनल र्‍याली (आरएन) पार्टीको तर्फबाट इयु संसद्मा नक्कली रोजगारी सिर्जना गरेको आरोपमा दोषी ठहर गरिएको थियो । ती आरोप उहाँले अस्वीकार गर्नुभएको थियो ।

उहाँलाई पाँच वर्षका लागि पदका लागि चुनाव लड्न प्रतिबन्ध लगाइएको थियो । यसले सन् २०२७ को फ्रान्सेली राष्ट्रपति जित्ने उहाँको आशालाई समाप्त पार्नेछ ।

ले पेनलाई पनि चार वर्षको जेल सजाय दिइएको थियो । यद्यपि उहाँ जेल जानु हुनेछैन किनभने यसको आधा भाग स्थगित गरिएको छ र बाँकीलाई इलेक्ट्रोनिक ट्यागसहित सेवा गरिनेछ ।


।। हार्दिक श्रद्धाञ्जली ।।



जन्ममिति
वि.सं. २००६/०१/०१

स्वं कैलाश साह

देहावसान मिति
वि.सं. २०८१/१२/१०

यस संस्थाका संस्थापक सदस्य कैलाश साह हलुआई ज.उ.म.न.पा. वडा नं. ११ निवासी ज्यूको ७६ वर्षको उमेरमा असामयिक निधन भएकोले मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक संतप्त परिवार प्रति हार्दिक सम्वेदना व्यक्त गर्दछौं ।

श्री श्री १०८ श्री ईन्द्र पूजा सेवा समिति
तथा
नागरिक समाज परिवार
मिल्सएरिया, जनकपुरधाम उ.म.न.पा.-१

# किच्चकबधमा उत्खननका क्रममा 'दरबारको जग' भेटियो



झापा । महाभारतकालीन विराट राजाको सालो किच्चकको दरबार रहेको विश्वास गरिएको भद्रपुर नगरपालिका-३ स्थित किच्चकबधस्थलमा पुरातत्व विभागको टोलीले आठौँ चरणको उत्खनन गरेको छ ।

उत्खनन गर्दा पुरातात्विक महत्वको 'दरबारको जग' भेटिएको पुरातत्वविद् उद्धव आचार्यले जानकारी दिनुभयो । उहाँको नेतृत्वमा पुरातत्व विभागबाट आएको चार सदस्यीय टोलीले यही फागुन २५ गतेदेखि किच्चकबध स्थलमा उत्खनन तथा संरक्षणको कार्य निरन्तर गरिरहेको छ ।विभागका अधिकृत नवराज अधिकारीले किच्चकबध स्थलमा विसं २०५८ देखि विभागले आचार्यको नेतृत्वमा उत्खनन गरिरहेको बताउनुभयो । उहाँका अनुसार यसपटक जारी उत्खननका क्रममा तीन मिटरभन्दा गहिरो जग र केही प्राचीन सामग्रीहरू भेटिएका हुन् । भेटिएको जगको इँटाहरू विगतमा फेला परेका इँटासँग मिल्दोजुल्दो छ ।

"यसपटक हामीले केही नयाँ ठाउँमा उत्खनन गरेका थियौँ", पुरातत्वविद् आचार्यले भन्नुभयो, "विगतमा उत्खनन हुँदा फेला परेका प्राचीन संरचनाहरूको संरक्षणमा बढी ध्यान दिएका छौँ ।" उहाँका अनुसार विगतमा यहाँ भएको उत्खननबाट २२०० वर्ष पुरानो दरबारको सुरक्षा पोस्ट, पर्खाल र कम्पाउन्डसहितको भौतिक संरचना भेटिएको थियो । त्यसबेला मानिसले प्रयोग गर्ने भाला, बाण र माटाका भाडावर्तनसमेत फेला परेपछि त्यसलाई पुरातत्व विभागले संरक्षण गर्दै आएको छ ।


दश बिघा क्षेत्रमा फैलिएको किच्चकबध स्थलमा पछिल्लो समय मानव निर्मित मन्दिर, पोखरी र अन्य भौतिक संरचना बनाइएका कारण प्राचीन महत्वका संरचना तथा वस्तुहरु नष्ट हुने जोखिम छ । विभागले नयाँ संरचनाहरू जथाभावी रूपमा नबनाउन आग्रह गर्दै आएको छ । विगतमा खनजोत गरेर खेतीपातीसमेत गरिएका कारण कतिपय भूसतहका पुरातात्विक महत्त्वका वस्तुहरू नष्ट भएको विभागको आशङ्का छ ।गत वर्ष विभागले एउटा मन्दिर हटाउन लगाएको थियो । सोही मन्दिरमुनि यसपटक उत्खनन गर्दा प्राचीन दरबारको जग भेटिएको छ । यसपटक अझै केही दिन उत्खनन र संरक्षणको कार्य जारी रहने विभागका अधिकृत अधिकारीले जानकारी दिनुभयो ।

पुरातत्वविद् आचार्यले किच्चकबध स्थलमा फेला परेका प्राचीन वस्तुहरूको बेलायतमा नमुना लगेर कार्बन टेस्ट गर्दा २२ सय वर्ष पुरानो पुष्टि भएको बताउनुभयो । प्राचीन स्मारकका बारेमा आठौँ चरणसम्मको उत्खननबाट कुनै लिखित सामग्री भने फेला नपरेको उहाँले बताउनुभयो । "यहाँ हामीले भेटाएका सामानहरू २२ सय वर्ष पुरानो बास्तुकला, सभ्यता र संरचनाको प्रमाण भएको पुष्टि भइसक्यो", उहाँले भन्नुभयो, "सानो कम्पाउन्डसहित सुरक्षा पोस्ट र हात्ती घोडालाई लगाइदिने सामान पनि भेटिएका छन् । यी कुराले यो स्थान प्राचीन धरोहर हो भन्ने प्रमाणित हुन्छ ।"

किंवदन्तीअनुसार महाभारतकालीन राजा विराटको 'किच्चक' नामका सालो थिए । यहाँ उनको दरबार थियो । पाँच पाण्डव गुप्तबास बसेका बेला द्रौपदीमाथि कुदृष्टि राखेका कारण भीमसेनले विराटनगरदेखि लखेटेर किच्चकलाई यही दरबारमा ल्याएर बध गरेका थिए । त्यहीकारण यस स्थानलाई किच्चकबध स्थल भनिन थालेको हो ।सरकारले किच्चकबध स्थलको पौराणिक तथा पुरातात्विक महत्व धेरै भए पनि उत्खनन तथा संरक्षणका लागि पर्याप्त लगानी गर्न सकेको छैन । थोरै बजेट भएका कारण उत्खनन र संरक्षणको कार्य हरेक वर्ष अधुरो हुने गरेको छ ।

सरकारले उत्खननका लागि यसपटक रु १० लाख बजेट छुट्याएको विभागका अधिकृत अधिकारीले बताउनुभयो । "बजेट धेरै हुने हो भने एकै वर्षमा धेरै काम हुन्थ्यो", उहाँले भन्नुभयो, "तैपनि सीमित स्रोतसाधन हुँदाहुँदै दैनिक १३ जनासम्म कामदार लगाएर यसपाली संरक्षणको काम गरिरहेका छौँ ।"किच्चकबधस्थल मानिसको प्राचीन सभ्यता र संस्कृति चिनाउने एउटा ऐतिहासिकस्थल भएकाले यसको प्रचारप्रसार हुनसके ठूलो संख्यामा पर्यटक भित्र्याउन सकिने सम्भावना रहेको स्थानीय किच्चकबध संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेबेले बताउनुभयो ।रासस

# अन्नपूर्ण आधार शिविरमा पुग्न थाले आरोही



म्याग्दी । अन्नपूर्ण हिमाल आरोहणका लागि आरोहीहरू आधार शिविरमा पुग्न थालेका छन् । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्दछ ।

चालु वसन्तयाममा अन्नपूर्ण हिमाल आरोहणका लागि आएका आरोही, शेर्पा, पथप्रर्दशक, मजदुर र पर्यटकहरूको आधार शिविरमा चहलपहल बढेको अन्नपूर्ण गाउँपालिका-४ का वडासदस्य श्याम पुर्जाले बताउनुभयो । "अन्नपूर्ण आधार शिविरमा आरोहण टोलीले टेन्ट टाँगेर गाउँ जस्तै बनाएका छन्", उहाँले भन्नुभयो, "आरोहण टोलीका साथै आन्तरिक तथा बाह्य पर्यटकहरूको पनि आगमन सुरु भएको छ ।" उहाँका अनुसार समुन्द्री सतहबाट चार हजार एक सय मिटर उचाइमा आरोहीका साथै घुमघामका लागि पर्यटकहरू पनि आउन थालेका छन् ।

पर्यटन विभागले पछिल्लो पटक गत मङ्गलवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार यस वर्षको वसन्तयाममा अन्नपूर्ण हिमाल आरोहणका लागि पाँच समूहका ३० पुरुष र १२ जना महिला आरोहणको अनुमति लिएका छन् ।

वसन्तयामका लागि हालसम्म पाँच वटा हिमाल अरोहण गर्न ५८ जनाले अनुमति लिएकामा सबैभन्दा बढी अन्नपूर्ण चढ्ने पर्यटक रहेका विभागका निर्देशक आरती न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार पायनियर एडभेन्चर, आठ के एक्सपिडेसन, इमेल नेपाल, सेभेन समिट, १४ पिक्स एक्सपिडेसन, मकालु एडभेन्चर र बोचीबोची पिक्समार्फत विश्वका विभिन्न देशबाट आएका आरोहीहरू आधार शिविरमा पुगेर तयारी थालेका छन् । भारतीय पर्वतारोहीलाई आरोहण गराउन आधार शिविर पुगेका सेभेन समिटका पेम्बा शेर्पाले २० दिनभित्र अन्नपूर्ण आरोहण सकेर सगरमाथा जाने योजना रहेको बताउनुभयो । "शेर्पाहरूले आधार शिविरबाट हिमालको चुचुरोतर्फ जाने बाटो बनाउन थालेका छन् । केहीदिन आधार शिविरमा विश्राम र तयारी गरेपछि आरोहीहरू हिमाल चढ्न जानेछन्", उहाँले भन्नुभयो ।

विश्वको दशौँ अग्लो अन्नपूर्ण हिमाल आरोहणका लागि वसन्तयाम उपयुक्त मानिन्छ । अन्नपूर्णको अहिलेसम्म चार सय ८८ जनाले सफल आरोहण गरेका पर्यटन विभागले जनाएको छ । सन् १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण पहिलो पटक आरोहण गर्नुभएको थियो । मौरिसले अन्नपूर्ण चढेको तीन वर्षपछि सन् १९५३ मा सरएडमण्ड हिलारी र तेन्जिननोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो ।

> चालु वसन्तयाममा अन्नपूर्ण हिमाल आरोहणका लागि आएका आरोही, शेर्पा, पथप्रर्दशक, मजदुर र पर्यटकहरूको आधार शिविरमा चहलपहल बढेको अन्नपूर्ण गाउँपालिका-४ का वडासदस्य श्याम पुर्जाले बताउनुभयो ।

आठ हजार मिटरभन्दा अग्लो सबैभन्दा पहिलो पटक मानव पाइला परेका कारण अन्नपूर्णलाई 'जेठो' हिमाल पनि भन्ने गरिन्छ । प्रथम आरोही मौरिस हर्जोगले आरोहणका क्रममा प्रयोग गरेको बाटोलाई पहिचान गरेर नारच्याङ-आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग तयार गरिएको अन्नपूर्ण गाउँपालिका कार्यालयले जनाएको छ ।नारच्याङका अगुवा तेज गुरुङको अगुवाइमा विसं २०६७ मा पहिचान भएको यो पदमार्गमा आधारभूत पूर्वाधार तयार भएपछि आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको उहाँले उल्लेख गर्नुभयो । पदमार्गलाई व्यवस्थित बनाएपछि यसपाली मजदुरहरूले सामान बोकेर आधार शिविरमा पुऱ्याएका अभियन्ता गुरुङले बताउनुभयो ।

"गत वर्षसम्म सामान र पर्यटक दुवै हेलिकप्टरबाट आधार शिविर जाने गर्दथे", उहाँले भन्नुभयो, "यसपाली पर्यटक हेलिकप्टरमा गएपनि सामान भरियाले बोकेर लगेका छन् ।

" पदमार्गको प्रयोगसँगै आरोहीहरूको खर्च घट्नुका साथै भरियाहरूका लागि रोजगारीको अवसर सिर्जना भएको उहाँको भनाइ छ । पदमार्ग र आधार शिविर क्षेत्रमा अस्थायी संरचना 'टेन्ट'को आश्रय स्थल निर्माण गरी खाना र खाजा खुवाउने व्यवस्था मिलाएपछि पर्यटकहरूलाई सहज भएको गुरुङले बताउनुभयो । यसअघि होटल तथा लजको सुविधा नभएको मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आरोहण शिविरमा जानेहरूले खाना, खाजाका परिकार, भाँडाकुँडा, ग्यास, लत्ताकपडालगायत सामग्री आफैँले जोहो गर्नुपर्ने समस्या थियो ।

फुटफुते झरनामा चिया पसल, साधीखर्क, गुफाँफाँट, भुसकेट र अन्नपूर्ण आधार शिविरको पञ्चकुण्डताल परिसरमा अस्थायी शिविर सञ्चालन गरेपछि पर्यटकलाई खान, बस्न सहज भएको अभियन्ता गुरुङले बताउनुभयो । उहाँका अनुसार बन्दोबस्तीका सामानको भारी बोकेर यात्रा गर्नुपर्ने बाध्यता हट्नुका साथै स्थानीयस्तरमा रोजगारी र आयआर्जनको अवसर सिर्जना भएको छ । ती अस्थायी शिविरमा दैनिक ५० जनासम्म पर्यटक बास बस्न सक्छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने उक्त क्षेत्रमा स्थायी संरचना बनाउन नमिल्ने कानुनी व्यवस्था भएकाले पर्यटकीय याममा सञ्चालन गर्न मिल्ने गरी क्षेत्र तोकेर शिविर बनाउन अनुमति दिइएको एकयापले जनाएको छ ।

आधार शिविरबाट सोमबार फर्किएका म्याग्दीका सञ्चारकर्मी गणेश गुरुङले अस्थायी शिविर र रेष्टुरेन्टको सुविधाले सहज भएपनि स्वभाविक शल्क निर्धारण र एकरुपता कायम गर्नुपर्नेमा जोड दिनुभयो ।

मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै समुन्द्री सतहबाट चार हजार १०० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ । नारच्याङबाट दुई घण्टा सवारीसाधनमार्फत यात्रा गरेपछि पुगिने हुमखोलाबाट दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ ।

छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको स्थानीय बताउँछन् । शान्त र एकान्त वातावरण, वन्यजन्तु, पशुपन्छी, जङ्गल, अग्ला पहाडको खोँच, फुटफुते झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङ्गको पञ्चकुण्डताल आधार शिविरका आकर्षण हुन् ।रासस

# प्रयोगमा आयो शीतभण्डार, धमाधम आलु भण्डारण गरिँदै



रामपुर । आलु भण्डारणका लागि गाउँमा शीतभण्डार अभावमा खेमराज रानाले भैरहवामा लैजाने गर्नुहुन्थ्यो । रामपुरबाट गाडीमा ढुवानी गरेर भैरहवा लैजान त्यत्ति सहज भने छैन । उत्पादित आलु बिग्रन नदिन ढुवानी खर्चेर सुरक्षितसाथ राख्न भैरहवास्थित शीतभण्डारणमा लैजाने गरेको उहाँले सुनाउनुभयो ।

हिजोआज भने रानालाई आलु शीतभण्डारमा राख्न भैरहवा पुर्याउनुपरेको छैन । रामपुर नगरपालिका-२ भलायटारका उहाँले गाउँमै शीतभण्डार केन्द्र प्रयोगमा आएपछि धेरै सजिलो भएको बताउनुभयो । यहाँ निर्माण भएको रामपुरशित भण्डारमा रानाले माथिल्लो कृषक तरकारी समूहबाट ५० बोरा आलु ल्याएर राख्नुभएको छ । सोमबारदेखि रामपुर नगरपालिकाले सूचना जारी गरेर शीतभण्डारमा किसानलाई आलु भण्डारण गर्न आह्वान गरी सुरु गरिएको हो । गत वर्ष पनि रानाले समूहमार्फत ५० बोरा आलु राख्नुभएको थियो ।

"अघिल्लो वर्ष रामपुर शीतभण्डारमा राखेको आलु राम्रो भएपछि यस वर्ष पनि ल्याएर राखेका छौँ, गाउँघरमा नै चिस्यान केन्द्रमा राख्ने सुविधा भएपछि सजिलो भयो, यहाँ शीतभण्डार नबन्दासम्म भैरहवामा आलु राख्दै आएका थियौँ, अब भैरहवा लैजान दौडधुप गर्नुपरेन", उहाँले भन्नुभयो । अहिले भण्डारण गरेर राख्ने र पछि बेमौसमी याममा निकालेर बिक्री गर्दा किसानले उचित मूल्य पाउने रानाको विश्वास छ ।

आफ्नै ठाउँमा शीतभण्डार हुँदा आलु सुरक्षितसाथ राख्न ढुक्क हुने गरेको रामपुर-६ का ७४ वर्षीय लेखनाथ पोखरेल बताउनुहुन्छ । शीतभण्डारको सुविधाले पछिल्ला वर्ष उत्पादन बढाउँदै गएको उहाँले जनाउनुभयो । यस वर्ष उहाँले खायन र बीउ आलु गरेर १५ बोरा राख्ने तयारी गर्नुभएको छ ।"शीत भण्डारले किसानलाई धेरै सजिलो भएको छ, थोरै उत्पादन गर्ने तथा घरायसी प्रयोजनका लागि मात्र उत्पादन गर्ने किसानलाई भैरहवा, पोखरालगायत शीतभण्डारमा १०-१५ बोरा आलु बोकेर लैजाने र ल्याउने गर्न समस्या हुन्छ, रामपुरमै सुविधा भएपछि भण्डारण गर्न सजिलो, आफूलाई आवश्यक परेका बेला निकाल्न सकियो", पोखरेलले भन्नुभयो ।

रामपुरको मात्र नभई स्याङ्जा चापाकोट नगरपालिकाबाट पनि एक हजार पाँच सय बोरा आलु राखिने तयारी भइरहेको रामपुर नगरपालिकाका कार्यवाहक नगरप्रमुख दोवराज तिवारीले जानकारी दिनुभयो । उहाँले नगरपालिकाले आलुको रेखदेखका लागि एक जना दैनिक हेरालु व्यवस्थापन गरिने बताउनुभयो ।

अहिले कृषि शाखाका कर्मचारी परिचालन गरेर आलु राख्ने कार्य भइरहेको उहाँको भनाइ छ ।"यसपटक तीन हजार पाँच सयदेखि चार हजार बोरा राख्ने अनुमान गरिएको छ, आलु राख्न धेरै ठाउँबाट सम्पर्क गरिरहनुभएको छ, स्थानीयलाई पहिला प्राथमिकता दिएका छौँ", उहाँले भन्नुभयो, "यहाँ राखिएको आलु नगरपालिकाले सुरक्षित साथ व्यवस्थापन गर्ने छ, सुरक्षितसाथ राख्न पाउँदा किसान उत्साहित हुनुहुन्छ ।"

यहाँ राख्न ल्याइएका आलु राख्ने र निकाल्ने व्यवस्था पनि नगरपालिका आफैँले गरिरहेको छ । प्रतिकिलो रु छ का दरले किसानसँग भण्डारण शुल्क लिएर राख्ने गरिएको रामपुर नगरपालिका कृषि शाखाका कर्मचारी युवराज नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ गत वर्ष तीन हजार ३७० बोरा बीउ तथा खायन आलु भण्डारण गरिएको थियो ।

यहाँ शीतभण्डार निर्माण भएपछि यसभन्दाअघि तीनपटक आलु भण्डारण सुविधा किसानले लिइसकेका छन् । पहिलो वर्ष परीक्षणका रूपमा राखिएका केही आलुमा उम्रने समस्या आएपछि पुनः मर्मतसम्भार गरेर सञ्चालनमा ल्याइयो । दोस्रो र तेस्रो वर्ष राम्रो भण्डारण भएपछि किसानले बाहिरका शीतभण्डारमा आलु लैजान छाडेका छन् । अहिले राखिएको खायन आलु भदौ र असोजमा निकालिने छभने बीउ प्रयोजनका लागि राखिएको आलु कात्तिकमा सार्वजनिक सूचना प्रकाशन गरेर निकालिने जनाइएको छ ।

किसानले उत्पादन गरेका कृषि उपजलाई सुरक्षित तरिकाले भण्डार गरेर राख्नका लागि तीन सय मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण गरी प्रयोगमा ल्याएको नगरप्रमुख रमणबहादुर थापा बताउनुहुन्छ । रासस

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय खजुरी, धनुषाको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

| क्र. सं. | आई.डि. नं. | मिसिल नं | कर्जा ग्राहकको नाम | बुवा/पति को नाम | बाजे/ससुरा को नाम | ठेगाना | उदेश्य | सांवा रकम | बांकी ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६८०४९१ | ४३७६ | पाण्डव यादव गोईत | दुःखी यादव | गोईत यादव | विदेह ५ | सरल कृषि कर्जा | १०००००० | १२२६३४ | ११२२६३४ | | |
| २ | ५३३५०३४ | ४४९५ | न्यु सुनिल कोल्ड स्टोर्स (प्रो.सुनिल कुमार पाण्डेय ) | महाविर पाण्डेय सुडी | बण्डुल पाण्डेय सुडी | विदेह १ | व्यापार | १२००००० | ४५६६० | १२४५६६० | संगीता कुमारी | |
| ३ | ९८६९९० | ४२१६ | नागेन्द्र नारायण साह | सिताराम साह तली | सुन्दर साह | विदेह ८ | सरल कृषि कर्जा | ३५०००० | ६४९१६ | ४१४९१६ | | |
| ४ | १३७६४६६ | ४०७६ | विजय कुमार साह | राम औतार साह | हजारी साह | कमला १ | व्यापार | ६००००० | २७५०० | ६२७५०० | | |
| ५ | ५३३८१४५ | २२०५ | रितिक पशुपालन तथा पोल्ट्र फर्म (प्रो.दिलिप कुमार मण्डल ) | चन्द्र शेखर मण्डल | सुरती मण्डल | कमला ९ | पशुपंक्षी पालन | १८८९००० | ७७६६० | १९६६६६० | | |
| ६ | ९८७००० | ४२३१ | किन्ली जल धारा (प्रो.नागेन्द्र प्रसाद मण्डल ) | विजय कुमार मण्डल | पुलकित मण्डल केवट | कमला २ | व्यापार | १९००००० | १२४७७० | २०२४७७० | विजय कुमार मण्डल , अमरावती देवी | |
| ७ | ५०१७०४५ | ४४४७ | सानु मत्स्य पशुपालन तथा कृषि फर्म (प्रो.अजय साह तेली ) | शिवजी साह तेली | रामेश्वर साह तेली | विदेह ८ | माछा पालन कर्जा | १०००००० | ९१००७ | १०९१००७ | | |
| ८ | ९८६७८१ | ३५५१ | गोविन्द कुमार साह | सिताराम साह | सुन्दर साह | विदेह ८ | सरल कृषि कर्जा | ९९५००० | ६५३०६ | १०६०३०६ | | |
| ९ | ९८६७८१ | ३५५१ | गोविन्द कुमार साह | सिताराम साह | सुन्दर साह | विदेह ८ | व्यापार | ३००००० | ११५०० | ३११५०० | | |
| १० | ९८६७३६ | २९५२ | रोहित कुमार साह | गर्भु साह | देवी चन्द्र साह | जनकनन्दिनी ४ | सरल कृषि कर्जा | ९००००० | ६७५८९ | ९६७५८९ | | |
| ११ | ९८६९४१ | ४१४२ | श्रीवत्ति देवी केवट | शम्भु मण्डल | नथुनी मण्डल | कमला २ | सरल कृषि कर्जा | २००००० | १५१८७ | २१५१८७ | | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# तीन विधेयक प्रमाणीकरण




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशसभाबाट पारित भइ प्रमाणिकरणका लागि पेश गरिएका तीन महत्वपूर्ण विधेयक प्रमाणीकरण गरेकी छन् ।

प्रदेश प्रमुख भण्डारीले मंगलबार मधेश पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेकी छन् ।

नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गरिएका यी विधेयकहरू प्रदेश विकासका लागि महत्वपूर्ण मानिएको छ ।

मधेशमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले मधेश प्रदेशमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति तथा योजनाहरू तय गर्नेछ । त्यसैगरि प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रदेशभर कृषि क्षेत्रमा नवप्रवर्तन, आधुनिकीकरण तथा कृषकहरूको हित संरक्षण गर्ने कानुनी आधार तयार गर्नेछ । प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकमा बालअधिकार संरक्षणलाई अझ प्रभावकारी बनाउनका लागि यस ऐनमा संशोधन गरिएको छ ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता शत्रुधन यादवले जनाएअनुसार सो विधेयकहरूको कार्यान्वयनबाट मधेश प्रदेशको सामाजिक, आर्थिक र पर्यटकीय क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

# स्वास्थ्य कर्मचारीको पदस्थापनमा सकस

**गत माघ १९ गतेको सूचना अनुसार स्वास्थ्य सेवा, जनरल नर्सिङ समूह, सहायक पाँचौं तहका १२ जना स्टाफ नर्सहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्थायी नियुक्तिका लागि सिफारिस गरेको थियो । तर सिफारिस गरेको दुई महिना वित्दा पनि पदस्थापन हुन नसक्दा उनीहरु अन्योलमा छन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेश लोकसेवा आयोगमार्फत छनोट भएका सहायक पाँचौं तहका स्टाफ नर्सहरूलाई सिफारिस गरेको दुई महिना वित्न लाग्दा पनि पदस्थापन प्रक्रिया अझैसम्म टुंगो लाग्न सकेको छैन ।




गत माघ १९ गतेको सूचना अनुसार स्वास्थ्य सेवा, जनरल नर्सिङ समूह, सहायक पाँचौं तहका १२ जना स्टाफ नर्सहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्थायी नियुक्तिका लागि सिफारिस गरेको थियो । तर सिफारिस गरेको दुई महिना वित्दा पनि पदस्थापन हुन नसक्दा उनीहरु अन्योलमा छन् ।

प्रदेश लोकसेवा आयोग मधेश प्रदेशले आर्थिक वर्ष २०७९/०८० मा खुलाएको विज्ञापनमा स्वास्थ्य सेवा, जेनेरल नर्सिङ समूह, सहायक पाँचौं तह, स्टाफ नर्स पदको संख्या माग गरेको थियो । जसबाट १२ जना छनोट भइ सिफारिस भएका थिए । तर ती १२ जनालाई मन्त्रालयले सिफारिसको डेढ सातापछि मात्र नियुक्ति पत्र दिएको थियो ।

नियुक्ति पाएका नर्सहरू भने करिब दुई महिनादेखि मन्त्रालयमा नै हाजिरी गर्दै आइरहेका छन् । नाम नखुलाउने सर्तमा एक स्टाफ नर्सले पहिलो पटक नाम निकालेका थिए ।

डेढ महिनासम्म पदस्थापन नहुँदा उनको उत्साह निराशामा बदलिएको बताइन् । उनले भनिन्, 'लोक सेवाबाट पहिलोपटक नाम निकालेर निकै उत्साहित भएको थिए । तर पदस्थापन भएर काम गर्न नपाउँदा मेरो उत्साह निराशामा बदलिएको छ । मन्त्रालयले नियुक्ति पत्र दिनमा पनि डेढ साता लगायो, अब पदस्थापनका लागि पनि आजभोलि भन्दै अढाई महिनादेखि मन्त्रालयमा हाजिरी गराउँदै आएका कारण अन्योलमा छु ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेशका निमित्त सचिव राजेशकुमार मिश्रले जनाए अनुसार मन्त्रालयले स्टाफ नर्सको माग संख्या ४ थियो, तर तीन पटक गरी ४/४ जना गरी १२ जना माग गरेको थियो ।

यसअघि मन्त्रालयमा कर्मचारीको अभावका कारण पदस्थापन प्रक्रियामा ढिलाइ भइरहेको कारण देखाउँदै आइरहको थियो ।

# गृहमन्त्री लेखकको पुत्ला दहन



**टुडे समाचारदाता**

सिरहा । सिरहामा भारतीय नागरिकलाई नागरिकता दिलाउने काममा संलग्नलाई जोगाएको भन्दै गृहमन्त्री रमेश लेखकको पुत्ला जलाइएको छ । चोहर्वामा मंगलबार साँझ स्थानीयहरूले गृहमन्त्री लेखकको पुतला जलाएका छन् ।

भारतीय नागरिक मोस्ताक मियाँलाई नागरिकता दिन सिफारिस गर्ने वडाध्यक्ष रुषतम अन्सारी र वडासचिव रामदेव मण्डललाई राजनीतिक संरक्षण दिइएको र उनीहरूलाई प्रहरीले पक्राउ गर्न चासो नदेखाएको स्थानीयवासीको आरोप छ ।

नरहा गाउँपालिका-३ वडा कार्यालयको सिफारिसका आधारमा भारत बिहारको मधुवनी जिल्ला, जयनगर ग्राम पञ्चायतस्थित देउधाका मियाँले २०८० असार २६ मा जिल्ला प्रशासन सिरहाबाट १५०१८०-४३६२ नम्बरको नेपाली नागरिकता पाएका थिए ।

सो घटना बाहिरिएपछि मोस्ताकलाई नागरिकताका दिलाउन नक्कली बुवा बनाइएका स्थानीय अमानत मियाँलाई प्रहरीले चैत ५ मै पक्राउ गरिसकेको छ । तर अदालतबाट पक्राउ पुर्जी जारी भए पनि वडाध्यक्ष र वडासचिवलाई सिरहा प्रहरीले पक्राउ गर्नमा आनाकानी गरिरहेको छ ।

# राम जानकी मठको कम्पाउन्ड वाल र गेट निर्माण अन्तिम चरणमा

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजपुर नगरपालिका वडा नं. २ फतुहा महेशपुरस्थित ऐतिहासिक तथा धार्मिक महत्वको राम जानकी मठको संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि कम्पाउन्ड वाल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।



पर्यटन विकास कार्यालय गौरको पहिलो योजना अन्तर्गत उपभोक्ता समितिमार्फत २५ लाख रुपैयाँ लागतमा कम्पाउन्ड वाल, गेट, ग्रिल, फ्लोरिङ,जमिनमुनि छ मुख इँटा र पेन्टिङ जडानको काम भइरहेको छ । निर्माणाधीन कम्पाउन्ड वाल ८१.१० मिटर लम्बाइको हुनेछ जसले मठको सुरक्षा तथा सौन्दर्यीकरणमा ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

पर्यटन विकास कार्यालय गौर रौतहटको अधिकृत संजय कुमार मिश्रले यस निर्माण कार्यको अनुगमन गरेका छन् । निरीक्षणका क्रममा उनले निर्माण कार्यको गुणस्तर राम्रो रहेको प्रतिक्रिया दिएका छन् । मिश्रका अनुसार योजना स्थानीय धार्मिक स्थलहरूको संरक्षण तथा धार्मिक पर्यटन प्रवर्द्धनका लागि अत्यन्त महत्वपूर्ण रहेको छ । राम जानकी मठको संरक्षण तथा धार्मिक पर्यटन प्रवर्द्धन गर्न योजना अघि बढाइएको हो । पर्यटन विकास कार्यालय गौरको पहिलो योजना अन्तर्गत २५ लाख रुपैयाँको बजेट विनियोजन गरिएको छ । कुल बजेटमध्ये १ लाख रुपैयाँ आकस्मिक (कन्टिन्जेन्सी) खर्चका लागि छुट्याइएको छ । ५ प्रतिशत रकम स्थानीय उपभोक्ता समितिबाट व्यवस्था गरिएको छ । निर्माण कार्य उपभोक्ता समितिको प्रत्यक्ष निगरानीमा गुणस्तर कायम राख्दै अगाडि बढिरहेको छ ।राम जानकी मठको संरक्षण र विकासमा भएको कामप्रति स्थानीय बासिन्दाहरू उत्साहित देखिएका छन् । उनीहरूले निर्माण कार्य गुणस्तरीय रूपमा अघि बढिरहेको बताउँदै यसले मठमा आउने दर्शनार्थी तथा पर्यटकहरूको संख्यामा वृद्धि गर्ने विश्वास व्यक्त गरेका छन् ।

यस्तै, राजपुर नगरपालिका वडा नं. २ का वडा अध्यक्ष सोनेलाल पडितले अनुगमनका क्रममा निर्माण कार्यको सराहना गरेका छन् । उनले निर्माणको गुणस्तर राम्रो रहेको र कुनै कमी नरहेको बताए । उनका अनुसार मठको संरक्षणले धार्मिक तथा सांस्कृतिक सम्पदाको जगेर्ना मात्र होइन, स्थानीय समुदायलाई आर्थिक फाइदा पनि पुर्याउनेछ ।

राम जानकी मठ धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको स्थल भएकाले यसको संरक्षणले धार्मिक पर्यटनको सम्भावनालाई उजागर गर्ने विश्वास गरिएको छ । स्थानीयवासीहरूले मठमा आउने पर्यटकहरूका लागि उचित व्यवस्था मिलाइएमा यस क्षेत्रको समग्र विकासमा ठूलो योगदान पुग्ने बताएका छन् ।पर्यटन विकास कार्यालय गौरका अनुसार भविष्यमा पनि यस्ता धार्मिक स्थलहरूको संरक्षणका लागि विभिन्न योजनाहरू कार्यान्वयन गरिने छ । साथै स्थानीय स्तरमा धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि थप परियोजनाहरू अघि बढाइने जनाइएको छ ।

योजना पूरा भएपछि राम जानकी मठको सुरक्षा बढ्ने मात्र होइन यसको आकर्षण पनि वृद्धि हुने र यसले स्थानीय तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने अपेक्षा गरिएको छ ।

# 'वीरगञ्जलाई आर्थिक राजधानी बनाउनुपर्छ'

**टुडे समाचारदाता**

वीरगञ्ज । आम जनता पार्टीका अध्यक्ष प्रभु साहले औद्योगिक तथा व्यापारिक नगर वीरगञ्जलाई आर्थिक राजधानी बनाउन माग गरेका छन् ।




वीरगञ्जमा मंगलबार आम जनता पार्टीले गरेको पत्रकार सम्मेलनमा पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले वीरगञ्जमा पर्याप्त मात्रामा आर्थिक गतिविधि हुने भएकाले यसलाई आर्थिक राजधानी बनाउनुपर्नेमा जोड दिए ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका अध्यक्ष साहले मुलुकको आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य भएको बताए ।

यनले भने, 'मुलुकको आन्तरिक तथा बाह्य ऋण बढिरहेको छ, स्वदेशी उद्योग, कलकारखानालाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्न आवश्यक छ ।'

# लक्ष्मी नारायण मठको महन्तमा डा. रविन्द्र दास नियुक्ति

**टुडे समाचारदाता**

जलेश्वर । गुठी संस्थानले लक्ष्मी नारायण मठ मटिहानी स्थानको उत्तराधिकारी महन्त पदमा डा. रविन्द्र दास बैष्णवलाई नियुक्त गरेको छ । गुठी संस्थानको समितिको बैठक निर्णयअनुसार डा. दासलाई मठिहानी स्थानको महन्तको रूपमा नियुक्त गरिएको छ ।



गुठी संस्थानले फागुन २८ गते जारी गरेको पत्रका अनुसार मठिहानी स्थानको उत्तराधिकारी नियुक्तिका लागि परेको निवेदनको आधारमा समितिको बैठक नं ४ सयको निर्णयअनुसार डा. दासलाई निर्देशिका २०७७ को दफा १० बमोजिम महन्तको पदमा नियुक्ति प्रदान गरिएको छ ।

लक्ष्मी नारायण मठ मटिहानीलाई नेपालका मठहरूको सर्वोच्च मानिन्छ ।

# दर्ता नगरिएको निजी विद्यालय बन्द



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टीमुसहरनियागाउँपालिकामा बिना दर्ता सञ्चालनमा रहेका निजी विद्यालयहरू बन्द गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले जनाएअनुसार न्यू स्काई, तराई चाइल्ड डेभलपमेन्ट, गङ्गालाल शिशु पाठशाला लगायत ११ वटा दर्ताविहीन निजी विद्यालय मंगलबार बन्द गरिएका छन् । पालिकाको कार्यपालिका समितिको निर्णयअनुसार, पटक-पटक निर्देशन दिएर पनि अनुमति बिना सञ्चालनमा रहेका निजी तथा संस्थागत विद्यालयहरू नबन्दिएपछि अन्ततः ती विद्यालयहरूमा तालाबन्दी गरिएको अध्यक्ष यादवले बताए ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन एवं व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई नै हुने व्यवस्था छ। सोही अनुरूप शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले पालिकाले कारबाही अघि बढाएको यादवले बताए ।

अध्यक्ष यादवले अभिभावकहरूलाई गैरकानुनी रूपमा सञ्चालित विद्यालयमा आफ्ना बालबालिकालाई भर्ना नगर्न आग्रह गर्दै विद्यालय सञ्चालकहरूलाई कानुनी प्रक्रिया पूरा गरी मात्र विद्यालय सञ्चालन गर्न निर्देशन दिए ।

# किसानलाई गहुँ भित्र्याउने चटारो



**टुडे समाचारदाता**

राजविराज । सप्तरीका किसानलाई गहुँ भित्र्याउने चटारो लागेको छ । सप्तरीको दोस्रो वालीको रूपमा रहेको गहुँ काट्न किसानलाई भ्याइनभ्याइ छ । अहिले अन्य कामलाई थाती राखेर भए पनि स्थानीय किसान गहुँ काट्न र भण्डारण गर्न व्यस्त छन् ।

राजविराज नगरपालिका- १ बस्ने ४८ वर्षीया दुर्गादेवी रजकले भनिन्, 'पाँच कट्ठा जग्गामा गहुँ खेती गरेकी छु । काट्न ढिला भइसक्यो । आजदेखि बल्ल काट्न सुरु गरेका छौं ।

मलाई र श्रीमानलाई गहुँ काट्न पाँच दिन लाग्छ । दौनी गर्न र सुकाएर राख्न दस दिन समय खर्चिनु पर्छ ।'

सप्तरीको विष्णुपुर गाउँपालिका ६ कि ४४ वर्षीया रूकमिणी सदाले किसानलाई गहुँ काट्ने र भित्र्याउने चटारो लागेको बताइन् ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुन देव राउतले यसपाली सप्तरीमा ८८ हजार २ सय मेट्रिकटन गहुँ उत्पादन भएको बताए ।

यस वर्ष जिल्लामा २९ हजार ४ सय हेक्टर क्षेत्रफल जग्गामा गहुँ खेती गरिएको छ । जिल्लामा कुल कृषि योग्य जग्गा ८१ हजार हेक्टर क्षेत्रफल रहेको छ । जसमध्ये ७० हजार हेक्टर क्षेत्रफल जग्गामा खेती हुने गरेको छ । खेती भइरहेको ७० हेक्टर जग्गा मध्ये २३ हजार ८ सय अर्थात ३२ देखि ३४ प्रतिशत जग्गामा मात्र सिँचाइ रहेको उनले बताए ।

# लोसपाको महाधिवेशन सर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको महाधिवेशन सर्ने निश्चित भएको छ । वैशाख २६ गतेका लागि तय भएको




महाधिवेशनको तयारी नपुगेको कारण सर्ने अवस्था आएको सो पार्टीका एक नेताले बताए ।

अहिले स्थानीय तहको अधिवेशन मात्र शुरु भएको छ । जिल्ला, प्रदेशको अधिवेशन बाँकी नै छन् । उनले भने, ' अहिले स्थानीय तहको अधिवेशन नै सकिएको छैन,' ती नेताले भने, 'दोस्रो पटक म्याद थपिएको समय पनि चैत १७ गते सकिएको छ, अब पुनः म्याद थप्ने तयारी भइरहेको छ । मलाई लाग्दैन वैशाख २६ गते महाधिवेशन हुन्छ ।'

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८